का.जि.प्र.का.द.नं. १००/०५९/६०

१६ जेठ २०८२,
शुक्रबार
30 May, 2025
Friday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक ११७ । पृष्ठ ८ Madhyanha National Daily www.madhyanhadaily.com



बजेट २०८२/०८३

# १९ खर्ब ६४ अर्ब ११ करोड




**छबि सापकोटा/मध्यान्ह**
काठमाडौं, १५ जेठ ।

सरकारले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि १९ खर्ब ६४ अर्ब ११ करोड रुपैयाँको बजेट ल्याएको छ । उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले बिहीबार संघीय संसद्को संयुक्त बैठकमा आगामी आर्थिक वर्षको आय-व्यय बिवरण सार्वजनिक गरेका हुन । अर्थमन्त्री पौडेलले चालु आर्थिक वर्षको विनियोजनको तुलनामा ५.६ प्रतिशतले बढी र संशोधित अनुमानको तुलनामा १८.२ प्रतिशतले बढाएर बजेट ल्याएको हुन् ।

प्रदेश र स्थानीय तहमा वित्तीय हस्तान्तरणतर्फ ४ खर्ब १७ अर्ब ८३ करोड विनियोजन

## बजेटमा कर नीति ?

- आइटी उद्योग र होटल तथा रिसोर्टले विशेष उद्योग सरह आयकर र विद्युत महसुल छुट
- आइटी निर्यातबाट प्राप्त हुने आयमा लाग्ने करमा ७५ प्रतिशत छुट
- १० करोडसम्मको वार्षिक कारोबार गर्ने स्टार्टअप व्यवसायलाई पाँच वर्षसम्म आयकर नलाग्ने
- ग्रीन हाइड्रोजन उत्पादन गर्ने उद्योगको लागि पैठारी हुने मेशिनरी उपकरणमा कर नलाग्ने
- ग्रीन हाइड्रोजन उत्पादकलाई पाँच वर्षसम्म आयकर छुट दिने
- डिजिटल भुक्तानीमा लाग्दै आएको मूल्य अभिवृद्धि कर खारेज
- खाद्यान्न, गेडागुडी, फलफूललगायत वनस्पतिजन्य, पशुजन्य तथा दूधजन्य पदार्थमा भन्सारमै लाग्दै आएको अग्रिम आयकर खारेज
- बीस वर्षभन्दा पुराना निजी सवारी साधनहरूको लगत कट्टा गर्ने प्रयोजनका लागि अन्तिम दुई वर्षको आयकर बुझाएमा बाँकी आयकर छुट दिने
- मदिरा, वियर, सूर्ति र चुरोटको आयातमा लाग्दै आएको भन्सार महसुल दरमा वृद्धि
- अन्त:शुल्क दरमा पनि वृद्धि
- स्वास्थ्य जोखिम करको दायरा विस्तार
- सुन र सुनको गरगरहना बिक्रिमा बिलासी कर

## सत्ता पक्ष सकारात्मक, प्रतिपक्ष असन्तुष्ट

बजेट भूबनोटअनुसार के-कस्तो हुनुपर्छ भन्ने तहसम्म पुगेको छैन । तथापि, बजेट समयानुसार प्रगतिशील छ । बजेटले समस्याको पहिचान गरेको छ । तर, हाम्रो भूबनोटअनुसार के-कस्तो हुनुपर्दछ भन्ने तहसम्म पुग्न सकेको छैन ।

■ **चन्द्र भण्डारी, सांसद, नेपाली कांग्रेस**

बजेट सन्तुलित र यथार्थमा आधारित छ । बजेटले उत्पादनलाई प्रोत्साहन र नयाँ पुस्तालाई नवप्रवर्तनतर्फ आकर्षित गर्न खोजेको छ । लगानीको प्रतिफल सुनिश्चित हुने योजनामा केन्द्रित गरी बजेट आएको छ ।

■ **महेश बर्तौला, प्रमुख सचेतक, नेकपा (एमाले)**

बजेटको अंकको स्वरूप र विश्वसनीयता पुरानै कुराको हुन्छ कि भन्ने डर छ । राजस्व संकलनको कतिपय कुराहरू पत्याउने खालको छैन । बजेट वितरणमुखी र कार्यकर्ता पोस्न प्रयोग हुनसक्छ । उलटफेर ल्याउने खालको कदमहरू छैन ।

■ **डा. स्वर्णिम वाग्ले, उपसभापति, रास्वपा**

सरकार बलियो भनिए पनि बलियो बजेट आएन । बजेटले आशा जगाउन सकेको छैन । आकार बढेपनि बजेट छरिएर आएको छ । यस्तै अर्थतन्त्र चलायमान र आशावादी बनाउने गरी पनि बजेट आएको छैन ।

■ **वर्षमान पुन, पूर्वअर्थमन्त्री,नेकपा माओवादी केन्द्र**

## निजी क्षेत्र उत्साहित

बजेटले निजी क्षेत्रलाई ड्राइभिङ सिटमा राखेर महत्त्व दिएको छ । त्यो हिसाबले पनि अगाडिभन्दा फरक हुन्छ भन्ने आशा हो । महासंघले महत्त्वकांक्षी बनाउने जस्तो भए पनि कार्यान्वयनको पाटोमा ध्यान दिनुपर्छ । उच्चस्तरीय आर्थिक सुधार आयोगले दिएको सुझाव पनि कार्यान्वयन गर्दै जानुपर्ने अवस्था छ ।

■ **चन्द्रप्रसाद ढकाल, अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ**

निजि क्षेत्रलाई समेटेर बजेट आएकाले सकारात्मक छ । सरकारले राखेको राजस्वको लक्ष्य समेत सम्भव छ । बजेटलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सके लक्ष्य अनुसारको आर्थिक बृद्धिदर हुन सक्छ ।

■ **कमलेश अग्रवाल, अध्यक्ष, नेपाल चेम्बर अफ कमर्स**

## कुन मन्त्रालयलाई कति बजेट ?




**वैदेशिक रोजगार विशेष**

# नयाँ बजेटमा वैदेशिक रोजगारका पुरानै कार्यक्रमलाई निरन्तरता

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ जेठ ।

सरकारले बजेटमा द्विपक्षीय श्रम सम्झौता, अनलाइन श्रम स्वीकृति, महिला कामदारको अधिकार रक्षा र फर्केका कामदारलाई सहुलियतपूर्ण कर्जा प्रदान गरिने कार्यक्रम ल्याएको छ ।

उपप्रधान एवं गृहमन्त्री विष्णु पौडेलद्वारा बिहीबार संघीय संसदको संयुक्त बैठकमा प्रस्तुत आर्थिक वर्ष २०८२/०८३ को बजेटमा सरकारले वैदेशिक रोजगार क्षेत्रमा सुधारका नयाँ कार्यक्रम घोषणा नगरी पुरानै कार्यक्रमलाई निरन्तरता दिएको छ ।

बजेटमा वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र उपलव्धिमूलक बनाउन श्रम गन्तव्यको विविधीकरण, श्रम कूटनीतिको माध्यमबाट थप मुलुकहरूसँग द्विपक्षीय श्रम सम्झौता र वैदेशिक रोजगारीमा जाने महिलाको कार्यस्थलको सुरक्षा तथा सेवा सुविधा सुनिश्चत हुनेगरी गन्तव्य मुलुकहरूसँग थप सम्झौता गरिने उल्लेख छ । बजेटमा श्रम स्वीकृति सरल ढंगले प्रदान गर्ने व्यवस्था मिलाउन सात वटै प्रदेशबाट श्रमसम्बन्धी अनलाइन सेवा प्रवाह गरिने उल्लेख छ । बजेटमा वैदेशिक रोजगारीबाट फर्केका जनशक्तिको सीप, पुँजी र प्रविधि सदुपयोग गरी स्वरोजगार प्रवर्धन र उत्पादन वृद्धि गर्न श्रमिकबाट उद्यमी कार्यक्रम सञ्चालन गर्न सहुलियतपूर्ण कर्जा दिने परम्परागत कार्यक्रम पनि समेटिएको छ ।

बेरोजगारी समस्या दिगोरूपमा समाधान गर्न श्रम बजारको मागअनुरूप »» पृष्ठ २ मा

### श्रमको बजेट झण्डै आधाले कटौती

**काठमाडौं/मस-** चालु आर्थिक वर्षको तुलनामा सरकारले आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको बजेट झण्डै आधाले कटौतीमा परेको छ । श्रम बजारलाई विविधीकरण गरी खाडी र मलेसियामा केन्द्रित परम्परागत श्रम बजारलाई युरोपेली मुलुकमा लैजान थप बजेटको आवश्यकता देखिएको बेला बजेट »» पृष्ठ २ मा

# गणतन्त्र फाल्न पञ्चहरू सडकमा

## गणतन्त्रको विकल्प छैन : दलहरू



**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १५ जेठ ।

तत्कालीन ७ राजनीतिक दल र विद्रोही पक्ष नेपाल कम्युनिष्ट पार्टी (माओवादी)सहित ८ दलको साझा संकल्पबाट प्राप्त गणतन्त्र प्राप्तिको १७ वर्षपछि 'पूर्वपञ्चहरू' सडकमा उत्रिएका छन् ।

१५ जेठ २०६५ मा जननिर्वाचित संविधानसभाको पहिलो बैठकद्वारा २४० वर्षीय निरंकुश राजतन्त्रको अन्त्य गरी संघीय लोकतान्त्रिक गणतन्त्र घोषणा भएको दिनलाई सरकारसहित गणतन्त्र पक्षधरले ऐतिहासिक रूपमा मनाइरहँदा राजावादीहरूले त्यसको खिलापमा सडक तताएका हुन् ।

तर गणतन्त्रवादी दलहरूले भने गणतन्त्रको विकल्प राजसंस्था हुन नसक्ने दाबी गर्दै आएका छन् । वर्तमान गणतान्त्रिक व्यवस्थालाइ नै चिरस्थायी बनाउँदै संविधान संशोधनमार्फत नागरिकलाई अधिकार सम्पन्न बनाउने लक्ष्य राखेका गणतान्त्रिक दलहरूले बिहीबार भव्यताकासाथ दिवस मनाएका छन । »» पृष्ठ २ मा



मध्यान्ह
www.madhyanhadaily.com
१६ जेठ २०८२ शनिबार
30 May 2025, Friday

# मन्त्रिपरिषद्‌को कार्यालयलाई 'सेन्टर अफ एक्सिलेन्स'को रूपमा विकास गरिने




**काठमाडौं/मस**–सरकारले सार्वजनिक सेवाको प्रभावकारिता बढाउन र विकासलाई नतिजामुखी बनाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयलाई 'सेन्टर अफ एक्सिलेन्स'को रूपमा विकास गर्ने भएको छ।

उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले बिहीबार संघीय संसदमा प्रस्तुत गरेको आर्थिक वर्ष २०८२/८३ को बजेट प्रस्तुत गर्दै नेपालको संविधानमा उल्लेखित संघ, प्रदेश र स्थानीय तहको अधिकार सूचीअनुरूप कार्य विस्तृतीकरण प्रतिवेदन पुनरावलोकन गरिने बताए। तीन तहका कानुनबीच कार्यक्षेत्रगत तादत्म्यता र एकरूपता कायम गर्न मौजुदा कानुनमा सुधार गर्ने र उच्चस्तरीय शासकीय सुधार आयोगको मार्गदर्शनमा नीतिगत, कानुनी तथा संस्थागत सुधार गर्ने सरकारको योजना छ।

संघीय निजामती सेवा विधेयक संसद्‌को चालु अधिवेशनबाट पारित गरिने भएको छ। त्यसबाट राष्ट्रसेवकको सेवा शर्तमा एकरूपता र वृत्तिविकासमा सुनिश्चितता कायम हुने सरकारको विश्वास छ।

बजेट वक्तव्यमा भनिएको छ, 'सार्वजनिक सेवामा विद्यमान सूचना प्रविधि प्रणालीबीच अन्तरआबद्धता कायम गरिनेछ। नागरिक एपको क्षमता विस्तार गरिनेछ, सार्वजनिक सेवालाई नागरिक एपमा आबद्ध गरी सरल, सहज र मितव्ययी बनाइनेछ। सबै सरकारी निकायका विद्युतीय सूचनालाई एकीकृत गरी सुरक्षित भण्डारणको व्यवस्था मिलाइनेछ।'

सार्वजनिक सेवा प्रवाहलाई सरल, पहुँचयोग्य र गुणस्तरीय बनाउन सूचना प्रविधिको उच्चतम् उपयोग गरिनेछ। बैंक, बीमा, दूरसञ्चार, धितोपत्रलगायत सबै प्रकारका सार्वजनिक तथा वित्तीय कारोबारमा राष्ट्रिय परिचयपत्रको प्रयोग गर्ने र राष्ट्रिय परिचयपत्र व्यवस्थापन प्रणालीको सेवा प्रयोग गर्दा शुल्क नलाग्ने व्यवस्था गरिनेछ।

विद्युतीय माध्यमबाट नागरिकता वितरण गर्ने प्रबन्धलाई प्रभावकारी बनाउने सरकारको योजना छ।

कर्मचारी सञ्चयकोषलगायत अवकाश कोषहरूको अग्रसरता र निजी क्षेत्रको सहभागितामा सुलभ आवास कार्यक्रम सञ्चालन गर्ने सरकारको योजना छ। त्यस अन्तर्गत सातै प्रदेशका प्रमुख सहरी केन्द्रहरूमा एक लाख भवन तथा अपार्टमेन्ट निर्माण गरी निजामती, सुरक्षाकर्मी र शिक्षक कर्मचारीलाई सहुलियतपूर्ण ब्याजदर तथा किस्ताबन्दीमा उपलब्ध गराउने सरकारले व्यवस्था गरेको छ।

मतदाता परिचयपत्रलाई राष्ट्रिय परिचयपत्रसँग आबद्ध गरी निर्वाचनको विश्वसनीयता अभिवृद्धि गर्ने र त्यसको सुरूवात काठमाडौं उपत्यकाबाट गर्ने सरकारको योजना छ।

# २१ जेठमा जातीय भेदभाव तथा छुवाछुत उन्मूलन राष्ट्रिय दिवस



**काठमाडौं/मस**–सरकारले हरेक वर्षको जेठ २१ गते जातीय भेदभाव तथा छुवाछुत उन्मूलन राष्ट्रिय दिवस मनाउने भएको छ।

बिहीबार संघीय संसद्‌को संयुक्त बैठकमा उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेलले आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि प्रस्तुत गरेको बजेट वक्तव्यमा उक्त कुरा उल्लेख छ। उपप्रधानमन्त्री पौडेलले भने, 'राष्ट्रिय जीवनका सबै क्षेत्रमा महिलाको भूमिका प्रभावकारी बनाइनेछ, लैङ्गिक विभेदको अन्त्य, नेतृत्व क्षमताको विकास र सशक्तीकरणमा जोड दिइनेछ, सार्वजनिक क्षेत्रका कार्यकारी तहमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गर्न नीतिगत र संरचनागत सुधार गरिनेछ।'

सरकारले बजेटमा महिलामाथि हुने गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै आर्थिक, सामाजिक र सांस्कृतिक रूपमा समानताको हक सुनिश्चित गर्न प्रभावकारी कार्यक्रम सञ्चालन गर्नुका साथै महिलाको शैक्षिक तथा आर्थिक अवस्थामा सुधार गरी आत्मविश्वास र स्वाभिमान अभिवृद्धि गर्ने उल्लेख गरेको छ। 'गर्भवती तथा सुत्केरी र बालबालिका लक्षित पोषण कार्यक्रम सञ्चालन गरिनेछ। राष्ट्रिय महिला उत्थान कार्यक्रममार्फत ज्यान जोखिममा परेका दुर्गम क्षेत्रका गर्भवती तथा सुत्केरीको निःशुल्क हवाई उद्धारलाई निरन्तरता दिन आवश्यक रकम विनियोजन गरेको छु', उनले भने।

महिला लक्षित उद्यमशीलता प्रवर्द्धनका माध्यमबाट रोजगारी तथा स्वरोजगारीका अवसर वृद्धि गर्ने, महिलाका नाममा उद्योग, व्यवसाय वा कम्पनी दर्ता वा नवीकरण गर्दा शुल्क नलाग्ने व्यवस्था गर्ने र गृहिणी महिलाको श्रम र सीपलाई साना तथा घरेलु उद्यमसँग जोड्न क्षमता विकासका कार्यक्रम सञ्चालन गरिने बजेटमा भनिएको छ।

'संविधान प्रदत्त बाल अधिकारको प्रत्याभूति र बालबालिकाको सर्वाङ्गीण विकास गर्न शिक्षा, स्वास्थ्य, पोषण, मनोरञ्जन तथा सामाजिक संरक्षणका अवसरहरू उपलब्ध गराइनेछ। बालउद्यान निर्माण गर्न स्थानीय तहसँग साझेदारी गरिनेछ', उपप्रधानमन्त्री पौडेलले भने।

# विद्यार्थीलाई दिवा खाजाका लागि १० अर्ब १९ करोड बजेट



**काठमाडौं/मस**–सरकारले कक्षा ५ सम्मका विद्यार्थीलाई उपलब्ध गराइने दिवा खाजा कार्यक्रमको रकम वृद्धिगरी १० अर्ब १९ करोड विनियोजन गरेको गरेको छ। त्यसबाट २८ लाख विद्यार्थी लाभान्वित हुने सरकारको भनाइ छ।

संघीय संसदका दुवै सदनको संयुक्त बैठकमा बिहीबार उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट प्रस्तुत गर्दै विद्यालयमा निःशुल्क स्यानिटरी प्याड वितरण कार्यक्रमलाई निरन्तरता दिएको उल्लेख गरे। उक्त कार्यक्रमका लागि रु एक अर्ब २९ करोड विनियोजन गरिएको छ। कार्यक्रमबाट १३ लाख छात्रा लाभान्वित हुनेछन्।

'लक्षित समुदाय र विकट हिमाली जिल्लाका विद्यार्थीलाई प्रदान गरिँदै आएको छात्रवृत्तिलाई निरन्तरता दिइनेछ, मुसहर, डोम र चमार समुदायका विद्यार्थीलाई चिकित्सातर्फको उच्च शिक्षामा उत्प्रेरणा छात्रवृत्ति प्रदान गरिनेछ। छात्रवृत्तिका लागि रु दुई अर्ब ४४ करोड विनियोजन गरेको छु', उनले भने।

सरकारले सामुदायिक विद्यालयमा कार्यरत प्रारम्भिक बालविकास सहयोगी कार्यकर्ता र विद्यालय कर्मचारीको पारिश्रमिक वापत संघीय सरकारबाट उपलब्ध गराइँदै आएको सशर्त अनुदान वृद्धि गरेको छ। त्यसका लागि रु १० अर्ब १६ करोड विनियोजन गरिएको छ।

'नेपाली मौलिकतामा आधारित शिक्षण सिकाइ प्रणाली विकास गरिनेछ, विद्यालय शिक्षामा भर्चुअल शिक्षण प्रणालीलाई उपयोग गरिनेछ, शिक्षाको गुणस्तर वृद्धि गर्न डिजिटल सिकाइ पोर्टलको विकास गरिनेछ, अपाङ्गता भएका विद्यार्थीलाई आधारभूत तहको शिक्षा पूरा गर्न छात्राबासको प्रबन्ध गरिनेछ, राष्ट्रिय नियमन मापदण्ड तयार गरी निजी विद्यालयसमेतको प्रभावकारी अनुगमन गरिनेछ', वक्तव्यमा भनिएको छ।

गुरुकुल, गुम्बा, मदरसालगायत परम्परागत शिक्षण पद्दतिको विषयगत र शैलीगत विशिष्टता संरक्षण र प्रवर्द्धन गर्दै राष्ट्रिय शैक्षिक सुधार कार्यक्रमअन्तर्गत तराई-मधेसमा एक हजार ५००, पहाडमा एक हजार र हिमालमा ५०० भन्दाबढी विद्यार्थी संख्या भएका विद्यालयको भौतिक पूर्वाधार निर्माणका लागि पुँजीगत अनुदान उपलब्ध गराउने सरकारको योजना छ। त्यसका लागि रु दुई अर्ब ७२ करोड विनियोजन गरिएको छ।

'उच्च शिक्षालाई अनुसन्धान लक्षित बनाइनेछ। उच्च शिक्षासम्बन्धी छाता ऐन निर्माण गरी विश्वविद्यालयको सञ्चालनमा एकरूपता कायम गरिनेछ। अध्ययनका लागि मुलुक बाहिर जाने प्रवृत्तिमा कमी ल्याउन र रोजगार बजारअनुसारको जनशक्ति विकास गर्न जोड दिइनेछ। विश्वविद्यालयका विभाग एवं शंकायहरूको पुनःसरचना गरिनेछ', बजेट वक्तव्यमा भनिएको छ।

विश्वविद्यालय अनुदान आयोगको पुनःसंरचना गरी उच्च शिक्षाको सुदृढ नियमनकारी निकायमा विकास गर्ने र विश्वविद्यालयहरूलाई विद्यार्थी संख्या, शैक्षिक गुणस्तर र पूर्वाधारको आवश्यकताका आधारमा अनुदान उपलब्ध गराउने पनि सरकारको योजना छ। शैक्षिकसत्र अगावै शैक्षिक क्यालेन्डर प्रकाशित गर्ने, कार्यान्वयनको अनुगमन गर्ने र सोको पालना नगर्ने विश्वविद्यालयको अनुदान रोक्ने व्यवस्था सरकारले गर्ने भएको छ।

मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयको पूर्वाधार निर्माण र जनशक्ति व्यवस्थापनको काम अगाडि बढाउने र सहिद दशरथचन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय सञ्चालनमा ल्याइनेछ। विदुषी योगमाया हिमालयन आयुर्वेद विश्वविद्यालयको पूर्वाधार निर्माण पनि सरकारले गर्ने भएको छ।

सरकारी स्वास्थ्य प्रणालीमा आवश्यकपर्ने विषय र संख्याअनुरूप जनशक्ति उत्पादन गर्न छात्रवृत्ति उपलब्ध गराउने र उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको सिफारिसबमोजिम मेडिकल शिक्षामा प्रदान गरिँदै आएको छात्रवृत्तिलाई गरिब, जेहेन्दार र अतिदुर्गम क्षेत्रका विद्यार्थी लक्षित बनाउने पनि सरकारको योजना छ। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका लागि रु दुई खर्ब ११ अर्ब १७ करोड विनियोजन गरिएको छ।

# योगीको गजलसंग्रह 'अनुराग' सार्वजनिक




**दाङ/मस**–साहित्यकार स्मृति योगीको 'अनुराग' गजलसंग्रहको बिहीबार घोराहीमा एक कार्यक्रमबीच विमोचन गरिएको छ। राप्ती साहित्य परिषद् जिल्ला शाखा दाङको आयोजनामा उक्त गजलसंग्रह विमोचन गरिएको हो। राप्ती साहित्य परिषद् दाङका अध्यक्ष यम रेग्मी, साहित्यकार बुनु लामिछानेलगायतले उक्त गजलसंग्रहको विमोचन गरेका हुन्।

उक्त गजलसंग्रहमा विभिन्न विषयसँगै गत चैत १५ गते काठमाडौँको तीनकुनेमा भएको हिंसात्मक प्रदर्शनमा आगजनीमा परेर मृत्यु भएका पत्रकार सुरेश रजकको विषयलाई समेत समेटिएको छ।

साहित्यकार योगीको 'अनुराग' गजलसंग्रहमा विभिन्न विषय समेटेर तयार पारिएका ८० गलज समावेश छन्। समाजमा भएका विभिन्न विभेद, सामाजिक, आर्थिक, विभिन्न विसङ्गतीलगायत कुरालाई 'अनुराग'मा समेट्ने प्रयास गरिएको छ।

गजलसंग्रह 'अनुराग'को साहित्यकार सन्ध्या रेग्मी र छविलाल कोपिलाले समीक्षा गरेका थिए। उनीहरुले गजल बाचन गर्दै यसले समाजमा भए गरेका विभिन्न विषय उठान गरी समाज रुपान्तरणमा महत्वपूर्ण भूमिका खेलेको उल्लेख गरेका थिए।

कार्यक्रममा 'अनुराग' गजलसंग्रहका लेखक साहित्यकार स्मृति योगीले भने, 'अनुरागमा मैले मेरा सपनाहरु समेटेकी छु। मेरा कल्पनाका चित्र कोरेकी छु, मेरो पीडाको मलम अनुरागमै छ। मेरो खुशीको कारण पनि यसमै छ।'

आफैँले भोगका, देखेका, बालापनमा सहेका पीडा, अनुभव गरेका विभेदलगायत विषयलाई समेट्ने प्रयास गरेको उनले बताए।

घोराही उपमहानगरपालिका-१७ गुलरियाकी योगीको यो पहिलो कृति हो। उनी तुलसीपुर उपमहानगरपालिका-८ स्थित माध्यमिक विद्यालय अश्वारामा नेपाली सांकेतिक भाषा दोभाषे शिक्षकका रुपमा कार्यरत छन्। साहित्यकार योगी राप्ती बहिरा संघ समेत आवद्ध छन्।

# साढे ३ लाख बढी स्वास्थ्यकर्मी दर्ता



**काठमाडौं/मस**–यसवर्ष दर्ता भएका स्वास्थ्यकर्मीहरुको संख्या तीन लाख ६६ हजार ५०५ पुगेको छ। विसं २०८० फागुनसम्म यस्तो संख्या तीन लाख २२ हजार २५४ थियो।

उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलद्वारा बिहीबार संघीय संसद्मा प्रस्तुत आव २०८१/८२ को आर्थिक सर्वेक्षणका अनुसार विसं २०८१ फागुनसम्म नेपाल मेडिकल काउन्सिल, नेपाल नर्सिङ काउन्सिल, नेपाल स्वास्थ्य व्यवसायी परिषद्, नेपाल आयुर्वेद मेडिकल परिषद्, नेपाल फार्मेसी परिषद्लगायतका निकायमा दर्ता भएका स्वास्थ्यकर्मीको सङ्ख्या यस वर्ष ४४ हजार २५१ जना थप भएको हो।

यसैगरी, २०८१ फागुनसम्म ३२ हजार २४७ मेडिकल चिकित्सक, पाँच हजार ३४७ दन्त चिकित्सक, ११ हजार ६१६ विशेषज्ञ चिकित्सक र ३९५ विदेशी चिकित्सक गरी कुल ११ हजार ६१६ चिकित्सक नेपाल मेडिकल काउन्सिलमा दर्ता भएका छन्।

सर्वेक्षणमा उल्लेखअनुसार २०८१ फागुनसम्म नेपाल नर्सिङ काउन्सिलमा एक हजार ६९५ विशेषज्ञ नर्स, ८५ हजार ७७८ नर्स, ३७ हजार ५२८ अनमी, ९१ मिडवाइफ र ८०० विदेशी नर्ससमेत गरी एक लाख २५ हजार ९४७ नर्स दर्ता भएका छन्।

नेपाल स्वास्थ्य व्यवसाय परिषद्मा कुल एक लाख ६२ हजार ४९२ स्वास्थ्यकर्मी दर्ता भएका छन्। नेपाल आयुर्वेद मेडिकल परिषद्मा ६ हजार ५४२ र नेपाल फार्मेसी परिषद्मा २१ हजार ९३७ स्वास्थ्यकर्मी दर्ता भएका छन्।

आर्थिक सर्वेक्षणले देशभर २०८१ फागुनसम्म नेपालमा प्रतिहजार जनसंख्यामा १.१ चिकित्सक र प्रतिहजार जनसंख्यामा २.८६ नर्स रहेको देखाएको छ। २०८१ फागुनसम्म डाक्टर, नर्स/अनमी, कविराज, वैद्य, स्वास्थ्य सहायक र महिला स्वास्थ्य स्वयंसेविकासमेत गरी जम्मा एक लाख चार हजार ७९३ स्वास्थ्य जनशक्ति सरकारी सेवामा कार्यरत रहेका छन्। २०८० फागुनसम्म यस्तो संख्या एक लाख दुई हजार ५०७ थियो।

# आधारभूत खानेपानी सेवाको पहुँच ९६.८५ प्रतिशत



**काठमाडौं/मस**–सरकारले प्रस्तुत गरेको आर्थिक सर्वेक्षण प्रतिवेदन अनुसार मुलुकमा करिब ९६.८५ प्रतिशतमा आधारभूत खानेपानी सेवाको पहुँच पुगेको छ।

बिहीबार अर्थमन्त्री विष्णु पौडेलले संसद्मा प्रस्तुत गरेको सो प्रतिवेदनमा २०८१ फागुनसम्ममा ९६.८५ प्रतिशत जनसंख्यामा आधारभूत खानेपानी सेवाको पहुँच पुगेको उल्लेख छ। '२०८१ फागुनसम्म आधारभूत खानेपानी सेवाको पहुँच पुगेको जनसंख्या ९६.८५ प्रतिशत र सुरक्षित खानेपानी (उच्च मध्यमस्तर) सेवाको पहुँच पुगेको जनसंख्या २८.५० प्रतिशत पुगेको छ,' सर्वेक्षणमा भनिएको छ, 'विसं २०८१ असारसम्म यस्तो जनसंख्या क्रमशः ९६.७५ प्रतिशत र २७.७६ प्रतिशत रहेको थियो।'

चालु आर्थिक वर्षको फागुनसम्म विभिन्न १७ खानेपानी आयोजना सम्पन्न भएको र सम्पन्न भएका आयोजनाबाट यस अवधिमा थप दुई लाख पाँच हजार ५६९ जनसंख्यामा खानेपानी सेवा विस्तार भएको सर्वेक्षणमा उल्लेख छ।

सर्वेक्षणअनुसार मेलम्ची खानेपानी आयोजनाको दोस्रो चरणअन्तर्गत खानेपानी वितरणका लागि ७९६ किलोमिटर पाइप बिछ्याउने लक्ष्य रहेकामा २०८१ फागुनसम्म ७६० किलोमिटर पाइपलाइन बिछ्याइ सकिएको छ।

यसैगरी, काठमाडौं उपत्यकाभित्र २६५ सरकारी विद्यालय, ४६ सरकारी भवन र ८९ सार्वजनिक भवन गरी हालसम्म ४०० स्थानमा वर्षातको पानी संकलन प्रविधि जडान भएको सर्वेक्षणमा उल्लेख छ।

## नयाँ ...

युवा जनशक्तिको सीप र दक्षता विकासका लागि राष्ट्रिय रोजगार प्रवर्धन कार्यक्रम सञ्चालन गरिने र त्यसका लागि १ अर्ब ९९ करोड विनियोजन गरिएको उल्लेख छ।

त्यस्तै बजेटले रोजगारीको खोजीमा रहेका सीपयुक्त व्यक्तिको विवरण अद्यावधिक गरी श्रम बजारमा जोड्न रोजगार पोर्टल सञ्चालन गरी निजी क्षेत्रका छाता संगठनहरूसँगको सहकार्यमा सबै प्रदेशमा रोजगारमेला सञ्चालन गरिने बताएको छ।

वैदेशिक रोजगारमा सुधारसँगै बजेटले स्वदेशी उद्योगको मागको आधारमा आवश्यक जनशक्ति उत्पादन गर्न पाठ्यक्रम परिमार्जन गरी 'अन द जब' तथा 'एपरेन्टसिप' कार्यक्रम सञ्चालन गर्ने उल्लेख गर्दै बजेटमा उद्योगका लागि आवश्यक पर्ने सीपयुक्त जनशक्ति आपूर्ति गर्न विश्वविद्यालय, प्राविधिक शिक्षालय र व्यावसायिक तालिम केन्द्रसँगको समन्वयमा प्राविधिक तथा व्यावसायिक तालिम सञ्चालन गरिने प्रतिबद्धता जनाइएको छ।

विदेशमा रहेका नेपाली नागरिकको हित संरक्षणका लागि प्रभावकारी कूटनीतिक पहल गरिने भन्दै बजेटले गैरआवासीय नेपालीको ज्ञान, सीप, पुँजी, प्रविधि, सञ्जाल र पँहुचलाई राष्ट्रिय विकासमा उपयोग गरी विदेशमा संकटमा परेका नेपालीलाई यथाशीघ्र उद्धारको प्रबन्ध मिलाइने बताएको छ।

## श्रमको...

भने घटेको छ। उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेलद्वारा प्रस्तुत आर्थिक वर्ष २०८२/०८३ को बजेटमा श्रम मन्त्रालयका लागि ४ अर्ब २८ करोड विनियोजन गरिएको उल्लेख छ। उक्त मन्त्रालयका लागि चालु आ.व.मा ८ अर्ब १० करोड विनियोजन गरिएको छ।

## गणतन्त्र...

सत्ता पक्षले १८ औं गणतन्त्र दिवस मनाउदै गर्दा राजावादीहरूले सदनदेखि सडकसम्म वर्तमान व्यवस्थाकै उपयोग गर्दै सोही व्यवस्थाका विरुद्ध उत्रिएको विषयमा गणतन्त्रवादी दलहरूले असन्तुष्टि जनाएका छन्। गणतन्त्र प्राप्तिको १८ वर्ष लाग्दै गर्दा नागरिकले के पाए ? भन्ने एउटा प्रश्न बाँकी नै रहिरहेको अवस्थालाई टेकेर गणतन्त्र विरोधी शक्तिहरू सलबलाउन थालेका हुन्।

संविधान संशोधनमार्फत नागरिकलाई राज्य संयन्त्रका हरेक निकायमा पुऱ्याउने काममा लाग्नुपर्ने बेला फेरि राजा फर्काउछु भन्नु पश्चगमनको बाटो भएको नेपाली कांग्रेसका सहमहामन्त्री जीवन परियार बताउँछन्। 'यही व्यवस्थाले आज हामी यो अवस्थामा पुगेका छौं', उनले भने 'हामी गण्तन्त्रलाई नै अझ सुदृढ बनाउदै संविधान संशोधन मार्फत जनतालाई अधिकार सम्पन्न बनाउने पक्षमा छौं। फेरि राजा फर्काउछु भनेर हिँड्ने साथीहरूलाई हिजोको दिन सम्झन आग्रह छ,' उनले भने।

राजसंस्थासहितको हिन्दुराष्ट्र बनाउने मुख्य राजनीतिक एजेण्डा बनाएको राप्रपाले बिहीबारबाट राजधानीमा प्रदर्शन थालेको बताएका छन। अनिश्चितकालीन आन्दोलनको घोषणा गरेका राजावादी दल तथा समूहहरू एक ठाउँ भएर शक्ति सञ्चय गर्दै वर्तमान व्यवस्था ढाल्ने योजनासहित आन्दोलनका कार्यक्रम तय गरिएको राप्रपाका उपाध्यक्ष बुद्धिमान तामाङले बताए। पूर्वपञ्चहरू एक ठाउँमा आएर संयुक्त जनआन्दोलन समिति नै बनाएका छन्।

बिहीबारको आन्दोलनमा समितिका संयोजक ७६ वर्षीय नवराज सुवेदीसहित विभिन्न राजावादी दल र संघसंस्थाका प्रतिनिधिको सहभागिता थियो।

राजावादीहरू छाता र राष्ट्रिय झन्डासहित सडकमा उत्रेका थिए। सो क्रममा उनीहरूले राजतन्त्रको पक्षमा नाराबाजी गरेका थिए। राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का अध्यक्ष राजेन्द्र लिङ्देनले यो आन्दोलनलाई जनमत संग्रहका रूपमा लिएको बताए। 'राजतन्त्र र हिन्दूराज्य पुनर्स्थापनाको मागसहित सुरु भएको आन्दोलनको पहिलो दिन नै एउटा जनमत संग्रह भएको छ', उनले दाबी गरे।

गणतन्त्रको पक्षमा नेकपा एमालेले बिहीबार नै भृकुटीमण्डपमा निकालेको प्रदर्शनसँग आफ्नो प्रदर्शनलाई तुलना गर्दै उनले जनमत संग्रहको उदाहरण दिएका हुन्। एमालेले गणतन्त्र दिवसको अवसरमा काठमाडौंमा ऱ्याली निकाल्न आह्वान गरेपनि सोचेअनुसारको जनमत सडकमा नदेखिएपछि राजावादीहरू थप उत्साही भएको देखिन्छ।

गणतन्त्र नढालेसम्म आन्दोलन नरोकिने बताएका लिङ्देनले आजको प्रदर्शनलाई कास्टिङको संज्ञा दिए। देशका अन्य भूभागबाट आएकाहरू लामै समय बस्नेगरी आएको जानकारी दिँदै लिङ्देनले राजधानीबासीसँग पनि सहयोग मागे। 'यो आन्दोलन कुनै पार्टीको मात्र होइन, यो आन्दोलन नेपालका लागि नेपाली जनताले गरेको पहिलो आन्दोलन हो,' उनले भने 'आज एउटा जनमत संग्रह सम्पन्न भएको छ। जनता राजतन्त्रको पक्षमा छन्, यो प्रमाणित भएको छ,।'

यद्यपी यत्तिकै संख्यामा गरिएको जनप्रदर्शनले वर्तमान व्यवस्थामाथि कुनै समस्या नआउने भन्दै गणतनत्रवादी दलका नेताहरू ढुक्क छन्। १५ जेठ कै दिन नेपाली जनतालाई स्वतन्त्रता, उदार सामाजिक न्यायसहितको समावेशी समानुपातिक लोकतान्त्रिक गणतन्त्रसहित नागरिक सर्वोच्चता प्राप्त भएको उनीहरूको भनाइ छ।

विश्वमा अभ्यासमा रहेका शासन व्यवस्थामध्ये लोकतान्त्रिक गणतन्त्र सबैभन्दा उत्तम भएकाले जनताको जीवनस्तरमा सुधार र राष्ट्रको समृद्धिका लागि यो व्यवस्थालाई नै बलियो बनाउदै लैजानुको विकल्प नभएको नेपाली कांग्रेसकी सांसद प्रतिमा गौतमले बताइन्।

गणतन्त्र दिवस मूल समारोह समितिद्वारा सैनिक मञ्च टुँडिखेलमा आयोजित विशेष समारोहमा राष्ट्रपति रामचन्द्र पौडेल, प्रधानमन्त्री केपी शर्मा ओलीलगायत विशिष्ट व्यक्तिहरूले गणतन्त्रको विकल्प सुदृढ गणतन्त्र नै भएको बताएका थियो।

# ‘जनताको हित र अभिमतभन्दा शाही इशारा ठूलो हुन सक्दैन’



**काठमाडौं/मस–** प्रधानमन्त्री केपी शर्मा ओलीले हुकुमी शासन व्यवस्थाबाट मुक्त भएर जनताले स्थापना गरेको गणतन्त्र अझै सुदृढ बनाउन आवश्यक रहेको बताएका छन् ।

बिहीबार काठमाडौंको टुँडिखेलमा आयोजित गणतन्त्र दिवस मूल समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले यस्तो बताएका हुन् । उनले राज्य संयन्त्रलाई सेवा केन्द्रित बनाउन गणतन्त्रले खेलेको भुमिकालाई स्मरण गर्दै नागरिक सर्वोच्चताको सबैभन्दा ठूलो भएको बताए । उनले राज्यका अंग र जिम्मेवारीमा रहेका व्यक्तिहरुको आचरण र व्यवहारमा सुधारको आवश्यकता भएपनि राष्ट्रिय चुनौतीहरूको सामना लोकतान्त्रिक प्रणालीमार्फत मात्र गर्न सकिने जिकिर गरे । उनले इतिहासमा राजतन्त्रले जनतासँग भएका सम्झौता पटक-पटक उल्लंघन गरेको स्मरण गर्दै मुकुटको आडमा जनताको सेवा नभइ जनतामाथि शासन गरिएको बताए ।

प्रधानमन्त्री ओलीले वर्तमान समयमा पनि नागरिक अधिकार खोस्ने प्रयास भइरहेको भन्दै सचेत रहन आग्रह गरे । जनताको हित र अभिमतभन्दा शाही इशारालाई ठूलो भन्न नसकिने उनको भनाइ छ ।

उनले भने, ‘राज्यका अंग र अनौपचारिक क्षेत्रमा समेत जिम्मेवारीमा रहेका व्यक्तिहरुको आचरण र व्यवहारमा सुधार गर्नुपर्ने अझै धेरै कुरा हुनसक्छ । गरिबी, बेरोजगारी, भ्रष्टाचार राष्ट्रका यी चुनौतीहरु हुकुम बक्सिने एउटा मुकुटधारी खोजेर होइन लोकतान्त्रिक प्रणालीमा चुनावमार्फत इमानदार राजनीतिक शक्ति छनोट गरेर मात्र सामना गर्न सकिन्छ । इतिहास साक्षी छ, त्यो मुकुटको आडमा जनतामाथि शासन गरिएको थियो सेवा होइन । राज्य संयन्त्रलाई शासनबाट सेवा बनाउने काम गणतन्त्र आएपछि शुरु भएको हो । त्यो अझै सम्पन्न भइसकेको छैन । इतिहासका विभिन्न कालखण्डमा राजतन्त्र र जनताबीच संघर्ष र सम्झौताहरु भए । जनतासँग भएका सम्झौताहरुलाई पटक पटक तोडेको हुकुमी राजतन्त्रलाई परास्त गर्दै जनताले गणतन्त्र स्थापना गरेका थिए । नागरिक अधिकार खोस्ने दुस्प्रयास आज पनि भइरहेको छ । तर नागरिक सर्वोच्चता र स्वतन्त्रताको अभ्यासबाट हुर्केको आजको समाजले जनताको हित र अभिमतभन्दा शाही इशारा ठुलो किर्माथ भन्न सक्दैन ।’

निरंकुशतन्त्र र गणतन्त्रमध्ये कुन उत्तम हो भन्ने समाजको बहसको विषय नभएको समेत प्रधानमन्त्री ओलीको भनाइ छ ।

### टुँडिखेलमा मनाइयो १८औं गणतन्त्र दिवस

१८औं गणतन्त्र दिवस मनाइएको छ । बिहीबार सैनिक मञ्च टुँडिखेलमा विशेष समारोहका बीच गणतन्त्र दिवस मनाइएको हो । सो अवसरमा आयोजित कार्यक्रममा राष्ट्रपति रामचन्द्र पौडेल, उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री केपी शर्मा ओली, प्रतिनिधि सभाका सभमुख देवराज घिमिरे, राष्ट्रिय सभा अध्यक्ष नारायणप्रसाद दाहाल, प्रधानन्यायधीश प्रकाशमान सिंह राउत, उपप्रधान एवं शहरी विकासमन्त्री प्रकाशमान सिंह, उपप्रधान एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल लगायत उच्च पदस्थ व्यक्तिहरुको उपस्थिति रहेको थियो ।

नेपाली जनताको लामो बलिदान र संघर्षको उपलब्धिका रूपमा डेढ दशकदेखि यो दिवस मनाइने गरिएको छ । वि.सं. २०६२/६३ को ऐतिहासिक जनआन्दोलनका माध्यमबाट मुलुकमा राजतन्त्रको अन्त्य गरी गणतन्त्र स्थापना भएको हो ।

तत्कालीन सात राजनीतिक दल र नेकपा (माओवादी) बीच भएको सहमतिअनुसार वि.सं. २०६४ चैत २८ गते ऐतिहासिक संविधानसभाको निर्वाचन भयो । विसं २०६५ जेठ १५ गते संविधानसभाको प्रथम बैठकले दुई सय ४० वर्षदेखि कायम रहेको शाहवंशीय राजतन्त्र अन्त्य गर्दै गणतन्त्र घोषणा गरेको छ ।

कार्यक्रमको अवसरमा सैनिक मञ्च टुँडिखेलमा विभिन्न झाँकी प्रस्तुत गरिएको थियो । समारोहमा राष्ट्रपतिको सम्मानमा नेपाली सेनाको टुकडीले सलामी अर्पण गरेका थिए ।

# सेनाले महाकालीमा भत्किएको बाँध बनाउँदै



**महेन्द्रनगर/मस–** नेपाली सेनाले महाकालीको ४ लेन पुलसँगै बनेको गाइडबन्ड (बाँध) निर्माणको काम सुरु गरेको छ । गत वर्ष भदौमा आएको बाढीले २०० मिटर गाइडबन्ड (बाँध) भत्किाएको थियो ।

बाढीले बाँध भत्काएर महाकाली नदी बस्तीतर्फ सोझिएपछि महाकाली पुल, पुलको पहुँच मार्ग र आसपासका बस्तीसमेत जोखिममा परेपछि जिल्ला विपत् व्यवस्थापन समितिले विपत् संकटग्रस्त क्षेत्र घोषणाका लागि गृहमन्त्रालयलाई सिफारिस गरेको थियो ।

सोही सिफारिस अनुसार सरकारले महाकाली नदी किनारको गाइडबन्ड भत्केको क्षेत्रलाई विपत् संकटग्रस्त क्षेत्र घोषणा गरी नेपाली सेनामार्फत काम गराउने निर्णय गरेको थियो । सोहीअनुसार नेपाली सेनाले गाइड बन्डसँगै महाकाली नदीलाई च्यानलाइजेसनको काम सुरु गरेको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जानकारी दिएको छ ।

निर्देशनालयका अनुसार पुल आयोजनाको स्वीकृत डिजाइन अनुसार महाकाली नदीमा सेनाले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयसँग समन्वय गरी महाकाली पुल आसपास रहेका नदीजन्य पदार्थ व्यवस्थापन गर्ने जनाएको छ ।

गत वर्ष भदौमा महाकाली नदीमा आएको बाढीले महाकाली नदीमा बनेको ४ लेनको पुलसँगै निर्माण भइरहेको पोखरीको गाइडबन्ड (बाँध) भत्काएको थियो । उक्त गाइडबन्ड निर्माणका लागि सुरुमा ठूलो ढुंगाको प्रयोग गर्ने डिजाइन बनाइएको थियो । तर ठूलो ढुंगा नपाइएपछि कंक्रिट र तारजालीमा ढुंगा भरेर गाइडबण्ड बनाउने डिजाइन बनाइएको हो ।

भत्किएको बाँध समयमा निर्माण हुन नसकेपछि आसन्न जोखिमलाई मध्यनजर गरी विपत् संकटग्रस्त क्षेत्र घोषणा गरिएपछि नेपाली सेनाले काम सुरु गरेको कञ्चनपुरका प्रमुख जिल्ला अधिकारी लक्ष्मण ढकालले बताए ।

गाइडबन्ड र च्यानलाइजेसनका लागि १९ देखि २९ करोड बजेट खर्च हुने अनुमान गरिएको छ । महाकाली नदीमा निर्माण भएको ८ सय मिटर पुलको दुवैतर्फ २७ सय मिटर लम्बाइ र ६ सय मिटर चौडाइका पोखरी निर्माणाधीन छन् । पक्की पुल, पहुँच मार्ग र गाइडबन्डलगायतको गरी ९५ प्रतिशत काम भइसकेको छ । अब २०० मिटर पहुँचमार्ग कालोपत्रसँगै गाइडबन्डको काम मात्रै बाँकी छ ।

# गणतन्त्र दिवसका अवसरमा प्रेस चौतारी बझाङद्वारा दीप प्रज्वलन

**सत्यराज सिंह/मध्यान्ह**
बझाङ, १५ जेठ



१८ औं गणतन्त्र दिवसको अवसरमा प्रेस चौतारी नेपाल बझाङ शाखाले बिहीबार साँझ दीप प्रज्वलन तथा कोणसभा कार्यक्रम सम्पन्न गरेको छ ।

कोणसभामा वक्ताहरूले गणतन्त्र प्राप्तिका लागि सञ्चारकर्मीहरूको योगदान र गणतन्त्र प्राप्तपछि देश र नागरिकको अवस्थाबारे आफ्नो धारणा व्यक्त गरेका थिए ।

कार्यक्रममा प्रेस चौतारी बझाङका अध्यक्ष सुरेश धामीले गणतन्त्र संस्थागत गर्न प्रेसको भूमिका महत्वपूर्ण रहेको उल्लेख गर्दै प्रेस केवल सूचनाको माध्यम मात्र नभइ गणतन्त्रको चौथो आधारस्तम्भ रहेको समेत बताए ।

कार्यक्रमका प्रमुख अतिथि मष्टा गाउँपालिकाका अध्यक्ष ज्ञानबहादुर बोहराले गणतन्त्र प्राप्तिका लागि योगदान दिने ज्ञात अज्ञात शहीदहरूप्रति श्रद्धासुमन व्यक्त गर्दै प्रेस र स्थानीय सरकारबीच समन्वय आवश्यक रहेको बताए ।’

प्रेसमार्फत विकास, शिक्षा र सुशासनका मुद्दाहरू उजागर हुन थालेको बताउँदै गणतन्त्रको विकल्प अरु नरहेको उनले बताए ।

त्यस्तै कार्यक्रमा बोल्दै अग्रज पत्रकार वसन्त प्रताप सिंहले नेपालको लोकतान्त्रिक आन्दोलनमा सञ्चारकर्मीहरूको ऐतिहासिक योगदान स्मरण गर्दै भने, ‘प्रेस स्वतन्त्रता कुण्ठित हुँदा लोकतन्त्र कमजोर हुन्छ भन्ने कुरा हामी कहिल्यै भुल्नु हुँदैन ।’ उनले ग्रामीण भेगका सञ्चारकर्मीहरू अझै पनि स्रोत, पहुँच र सुरक्षाको अभावमा काम गरिरहेकाले उनीहरूको सशक्तीकरणमा राज्य र संस्थाले ध्यान दिनुपर्नेमा जोड दिए ।

त्यसैगरी, प्रेस चौतारी नेपालका नेता रमेश केसीले गणतन्त्र केवल व्यवस्था परिवर्तन नभएर चेतना परिवर्तन पनि भएको बताए ।

उनले भने, ‘पत्रकारिता जनताको आवाज हो ।’ प्रेस चौतारीले सधैं श्रमजिवी पत्रकारको पक्षमा बोल्दै आएको र अब पनि राष्ट्रिय तथा स्थानीय स्तरमा त्यसको अभियानलाई मजबुत बनाउने बताए ।

# ‘सगरमाथा विश्वको गौरव’



**काठमाडौं/मस–** संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले सगरमाथालाई विश्वको गौरव भएको बताएका छन् । अन्तर्राष्ट्रिय सगरमाथा दिवसको अवसरमा वसन्तपुरमा आयोजित कार्यक्रममा उनले सगरमाथाको संरक्षण र प्रवर्द्धनका लागि चेतना जगाउन र विश्वभरका पर्यटकलाई नेपालप्रति आकर्षित गर्न सबैले सक्रियता देखाउनुपर्ने बताए ।

मन्त्री पाण्डेले भने, ‘सगरमाथा हाम्रो पहिचान र गौरव हो । यसले विश्वको ध्यान खिचेको छ । सगरमाथा संवादमार्फत हामीले जलवायु परिवर्तनले नेपाल र विश्वलाई पारेको असरबारे जानकारी गराएका छौं । सगरमाथाको हिउँ पग्लिँदा नेपाल र हिमवत् क्षेत्र मात्र होइन, समग्र पृथ्वी नै प्रभावित हुन्छ । यो नेपालको मात्र नभई विश्वको साझा समस्या हो ।’

सगरमाथा दिवसमा ठमेलमा प्रभातफेरी आयोजना गरियो, जसमा मन्त्री पाण्डे, निमित्त पर्यटन सचिव इन्दु घिमिरे, पर्यटन विभागका महानिर्देशक नारायण रेग्मी, नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशी, पर्यटन व्यवसायी, सरकारी कर्मचारी, सुरक्षा निकाय र सर्वसाधारण सहभागी थिए । यसअघि, नेपाल पर्यटन बोर्ड परिसरमा रहेको तेञ्जिङ नोर्गे शेर्पा र एडमन्ड हिलारीको सालिकमा माल्यार्पण गरिएको थियो । सन् १९५३ मे २९ मा तेञ्जिङ र हिलारीले पहिलोपटक सगरमाथा चढेको सम्झनामा हरेक वर्ष यो दिवस मनाइन्छ ।

# बाढीले क्षति पुर्‍याएको रोशी अस्पताल पुनर्निर्माण



**काभ्रेपलाञ्चोक/मस–** यहाँको रोशी गाउँपालिकामा गतसाल असोजको बाढीले बगाएको दस श्ययाको रोशी आधारभूत अस्पताललाई हाल पाँच श्ययाको अस्पताल पुनर्निर्माण गरिएको छ ।

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)को आर्थिक सहयोगमा निर्माण भएको उक्त संरचना स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमार्फत रोशी गाउँपालिकालाई हस्तान्तरण गरिएको हो । नवनिर्मित संरचनासहित औषधिलगायतका सामाग्री पनि डब्लुएचओले सहयोग गरेको हो । संघीय सरकारको रु ६ करोड पाँच लाख २४ हजार बजेटद्वारा रोशी-१ मा निर्माण अन्तिम चरणमा पुगेको दश श्ययाको आधारभूत अस्पताल भवन बाढीले बगाएको थियो । त्यसयता ‘टेन्ट’बाट सेवा प्रदान गर्दै आइएको थियो ।

रोशी गाउँपालिकाका अध्यक्ष दिनेश लामाले हाल अस्थायी रुपमा अस्पताल निर्माणका साथै स्वास्थ्य सामग्रीसमेत प्रदान गरेकामा आभार प्रकट गरेका छन् । उनका अनुसार उक्त अस्पतालले गाउँपालिकाको वडा नं. १, २, ३ र ४ का साथै छिमेकी नमोबुद्ध नगरपालिका र बेथानचोक गाउँपालिकाका नागरिकले सेवा पाउने छन् । अध्यक्ष लामाले १० श्ययाको अर्को सुविधायुक्त अस्पताल निर्माणका लागि सम्बन्धित निकायमा प्रक्रिया थालिने बताए । डब्लुएचओका नेपाल प्रतिनिधि डा राजेश सम्भाजी रावपाण्डबले नेपालको स्वास्थ्य क्षेत्रमा संस्थाले सहयोग गरिरहेको र आगामी दिनमा पनि नेपाल सरकारसँग साझेदारी गर्दै अगाडी बढ्ने बताए ।

बढीपहिरोले गाउँपालिकामा निर्माण सम्पन्न भएका अस्पतालसहित तीन ठूला ‘गौरव’का आयोजना पूर्णरुपमा क्षति पुगेको थियो । बाढीपहिरोले रोशी-११ स्थित कालढुंगामा करिब ७० रोपनी जमिनमा निर्माण गरिएको तामाङ जातिको विशेषता झल्कने रु १४ करोडको लागतमा निर्माण भएको ‘डम्फु जीवन्त संग्रहालय’सहितको ९ डायमिटरको डम्फु, संग्रहालय भवन, पुस्तकालय भवन, पिकनिक स्थल, पार्किङ स्थल र बगैंचा रोशी खोलाले बगाएको थियो संग्रहालय हाताभित्र करिब रु दुई करोडमा निर्माण गरिएको औद्योगिक ग्रामको प्रशासनिक भवन तथा शीतभण्डार र खानेपानी आयोजनाका संरचना पनि बाढीले बगाएको थियो ।

बाढीपहिरोमा परी उक्त गाउँपालिकामा छ महिला, तीन पुरुष, एक बालक र तीन बालिका गरी १३ जनाको मृत्यु भएको थियो भने चार सय ८२ घर पूर्णरुपमा तथा आठ सय ८३ घर आंशिक रुपमा क्षति पुगेको थियो । गाउँपालिका कार्यालयको तथ्यांकअनुसार बाढीपहिरोले दुई हजार पाँच सय ४४ परिवारको खेतबारीमा क्षति पुगेको थियो भने एक सय ६० खानेपानी आयोजना, एक पक्की पुल, ४७ विद्यालय, चार स्वास्थ्य केन्द्रमा क्षति पुगेको थियो ।

# १०३ जनाको नि:शुल्क आँखा जाँच



**सुनवल/मस–** लायन्स क्लब अफ सुनवलले मधुमेह भएका बिरामीहरूलाई लक्षित गरी नि:शुल्क आँखा चेकजाँच सम्पन्न गरेको छ ।

लायन्स आँखा उपचार केन्द्रको वार्षिक उत्सवको अवसरमा नेपाल नेत्र ज्योतिष संघका डा. विनोद निता कण्डेल, आँखा अस्पताल परासीको आयोजना तथा लायन्स क्लब सुनवलको सह-आयोजनामा मधुमेह भएका बिरामीहरूको आँखा चेकजाँच गरिएको हो ।

लायन्स क्लब अफ सुनवलका अध्यक्ष लक्ष्मी तिवारीको अध्यक्षता तथा लाइन्स इन्टरनेसनल डिस्ट्रिक्ट ३२५ पी इलेक्टेड गभर्नर लाइन बालाराम भट्टराईको प्रमुख आतिथ्यता मधुमेह भएका बिरामीहरूको आँखाको चेक जाँच गरिएको गरिएको थियो ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि भट्टराईले लाइन्स क्लबले यस वर्ष वातावरण, प्रकोप लगायतका क्षेत्रमा काम गर्ने बताए । त्यस्तै सुनल नगरपालिका वडा नम्बर १ का वडाध्यक्ष मानबहादुर थापाले लायन्स क्लब सुनवलले अत्यन्तै प्रभावकारी काम गरेको भन्दै प्रशंसा व्यक्त गरे ।

त्यस्तै देवकोटा क्याम्पसका अध्यक्ष कृष्ण लामिछानेले लायन्स क्लब अफ सुनवलले गरेका कार्यहरू अत्यन्तै मानवीय सेवाभावमा समर्पित रहेको भन्दै आगामी दिनमा पनि यस्ता कार्यहरूलाई निरन्तरता दिनुपर्नेमा जोड दिए ।

कार्यक्रममा लायन्स क्लबका अध्यक्ष लक्ष्मी तिवारीले स्वागत गर्दै लायन्स क्लब सुनौलो वर्षभरि गरेका कार्यक्रमहरूका बारेमा जानकारी गराएकी थिइन् ।

साथै कार्यक्रममा सहयोग गर्ने सम्पूर्णलाई उनले धन्यवाद व्यक्त गरिन् ।

कार्यक्रममा जी एस टि कोर्डिनेटर लायन आशिष कृष्ण श्रेष्ठ, वडा नम्बर ५ का वडाध्यक्ष नेत्रलाल तिवारी,नेपाल रेड क्रस सोसाइटी सुनवल उपशाखाका सभापति गोपाल शर्मा, एरिया नम्बर ३ का एरिया चिफ लाइन शान्ति पाठक लगायतको उपस्थिति रहेको थियो । कार्यक्रमको संचालन लायन्स क्लब अफ सुनलका सचिव तेजकुमारी चालिसेले गरेकी थिइन् ।

नि:शुल्क आँखा चेक जाँच शिविरमा १ सय ३ जनाले आँखा परीक्षण गरेका कार्यक्रम संयोजक गीता पौडेलले जानकारी दिइन् ।

# ‘गणतन्त्रको संरक्षण र सम्वर्द्धन गर्न सबैको साथ र सहयोग आवश्यक’



**महमद सदाब/मध्यान्ह**
विरगन्ज, १५ जेठ

१८औं गणतन्त्र दिवसको अवसरमा वीरगञ्ज महानगरपालिकाको आयोजनामा दीप प्रज्वलन गरिएको छ । कार्यक्रममा उप-प्रमुख इम्तियाज आलमको विशेष सहभागिता जनाएका थिए ।

शुभकामना, राष्ट्रिय एकता र गणतन्त्रको सम्मानमा आयोजित उक्त कार्यक्रममा विभिन्न राजनीतिक दलका प्रतिनिधिहरू, स्थानीय जनप्रतिनिधि, समाजसेवी, युवाहरू तथा सर्वसाधारणको उत्साहजनक उपस्थिति रहेको थियो । कार्यक्रममा बोल्दै उप-प्रमुख आलमले गणतन्त्रले दिएको नागरिक अधिकार र लोकतान्त्रिक मूल्य-मान्यताहरूको संरक्षण तथा सम्वर्द्धन गर्न सबैले आ-आफ्नो ठाउँबाट जिम्मेवार भूमिका निर्वाह गर्नुपर्ने बताए । दीप प्रज्वलन कार्यक्रमले राष्ट्रिय गौरव, समावेशिता, सहिष्णुता र लोकतन्त्रप्रतिको सम्मान झल्काएको सहभागीहरूको भनाइ थियो ।

# काठमाडौं उपत्यकाका नदीहरूलाई स्वच्छ बनाइने



**काठमाडौं/मस–** वाग्मतीलगायत काठमाडौं उपत्यकाका नदीहरुलाई स्वच्छ बनाउन आवश्यक पूर्वाधार निर्माण गर्ने कार्यक्रमलाई सरकारले निरन्तरता दिने भएको छ ।

संघीय संसद्को संयुक्त बैठकमा बिहीबार उपप्रधान एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले प्रस्तुत गर्नुभएको आगामी आर्थिक वर्षको बजेटमा काठमाडौं उपत्यकाका नदीहरुलाई स्वच्छ बनाउने उल्लेख गरिएको हो । काठमाडौं उपत्यकाका नदी किनारका करिडोर सडकलाई विस्तार गर्दै लगिने अर्थमन्त्री पौडेलले बताए । यसका लागि रु तीन अर्ब ४२ करोड बजेट विनियोजन गरिएको बजेट वक्तव्यमा उल्लेख गरिएको छ ।

वाग्मती स्वच्छ बनाउन आर्थिक वर्ष २०५०/५१ देखि नै बजेट विनियोजनसहित अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समितिको स्थापना गरे पनि अझै नदी सफा हुन सकेको छैन । सरकारले आर्थिक वर्ष २०५०/५१ देखि नै विनियोजन गरेको बजेट सदुपयोग नभएकाले वाग्मतीलगायत काठमाडौं उपत्यकाका नदी सफा हुन नसकेको गुनासो सुनिने गरेको छ ।

मध्यान्ह
www.madhyanhadaily.com
१६ जेठ २०८२ शुक्रबार
30 May 2025, Friday

## सम्पादकीय

# गणतन्त्र श्रीवृद्धिका सर्त

विगतका गणतन्त्र दिवसहरू भन्दा यसपटक केही भिन्न परिस्थिति र दृष्यहरू देखिए । २०७२ सालमा संविधान जारी भएपछि गणतन्त्र दिवस लगभग ओझेलमा पर्ने गरेको थियो । किनकि गणतन्त्र दिवसकै दिन बजेट भाषण गर्ने व्यवस्था संविधानमै सुनिश्चित छ । संवैधानिक व्यवस्था भएकाले हरेक वर्ष १५ जेठमा अर्थमन्त्रीले बजेट प्रस्तुत गर्दै आएका छन् । गणतन्त्र दिवसको उत्सवमा केही औपचारिक कार्यक्रम गर्ने र दिउँसो बजेट प्रस्तुत गर्ने सरकारी तालिका वर्षेनि निश्चित छ । अर्थात् आम साधरण र नीति निर्माताहरूको समेत बजेट ध्यान जाने हुँदा गणतन्त्र दिवसबारे धेरै विमर्श हुने गरेको थिएन । १५ जेठको केही समय अघि र पछि पनि बजेटकै बारेमा धेरै विमर्श हुने संस्कृति जस्तो बन्न पुगेको छ ।

मुलुकलाई दीर्घकालीन र अल्पकालीन दिशाबोध गर्ने वार्षिक कार्यक्रम बजेट भएकाले यसतर्फ ध्यान जानु स्वभाविक पनि हो । यो व्यवस्था ल्याउन अगुवाइ गर्नेहरूले नै 'गणतन्त्रको कोशेली'कै रूपमा बजेट प्रस्तुत गर्ने योजना बनाएका थिए । त्यसैले गणतन्त्र दिवसकै दिन बजेट प्रस्तुत गर्ने संवैधानिक व्यवस्था गरियो । बजेट आउने दिनलाई संविधानमै लेखिनुको पछाडि त्यसअघिका समस्याहरूलाई पनि विचार गरिएको थियो । राजनीतिक शक्ति संघर्षका कारण कतिपय वर्षहरूमा बजेट संसद्मा प्रस्तुत हुनै नसक्ने समस्या आएको थियो । नयाँ आर्थिक वर्ष सुरू भइसक्दा समेत बजेट नआउँदा विकास निर्माण कार्य अवरूद्ध हुने मात्र नभएर प्रशासनिक खर्चमा पनि समस्या आएको थियो । त्यसैले गणतन्त्र दिवसकै दिन बजेट आउने संवैधानिक सुनिश्चितता गरियो ।

अर्थात् बजेटका कारणले गणतन्त्रबारे समीक्षा कम हुन थाल्यो । यसपटक भने राजावादीहरू गणतन्त्र पक्षधर शक्तिहरूलाई नराम्रोसँग झस्काइदिए । गणतन्त्र दिवसकै दिन राजसंस्था र हिन्दू राज्य पुनर्स्थापनाको आन्दोलन थाले । राजावादीहरूको यस्तो उद्घोषले सरकार पनि नराम्रोसँग झस्किएको देखियो । संवैधानिक व्यवस्था हेर्दा राजावादी हिन्दूवादीहरूको आन्दोलनलाई अस्वीकार गर्नु राजनैतिक संस्कृति होइन । किनकि शान्तिपूर्ण रूपमा हरेक नागरिकलाई आफ्नो विचार प्रस्तुत गर्न पाउने अधिकार संविधानमा सुनिश्चित छ । बरू गणतन्त्र पक्षधर शक्तिहरूले एकपटक गम्भीर भएर शासन सञ्चालन शैलीबारे सोच्न जरूरी छ । गणतन्त्रमा आमनागरिक सार्वभौम शक्तिशाली हुनुपर्छ, तर आमसाधरणले न्याय र सम्मुनतिको अनुभूति गर्न पाएका छन् कि छैनन् ? यसबारे गम्भीर भएर सोच्नु पर्छ । फरक विचार राख्नेप्रति भर्त्सना गरेर अथवा निषेध गरेर मात्रै चाहिँ गणतन्त्रको श्रीबृद्धि हुन सक्दैन ।

# गणतन्त्रका चोटहरू

*बालुवामा हालेको पानी जस्तो भएको छ, देशको पूर्वाधारको लगानी । शिक्षा, स्वास्थ्यसहित कृषि, उद्योगलगायतमा गरिएको लगानी सबै खेर गएको छ । बिचौलिया हाबी गराएर सबैतिर सेटिङ गराउने गणतन्त्र, कता-कता भार हुँदैछ...*

**अग्रलेख**



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

जेठ महिना गणतन्त्र दिवस, तर पछिल्लो समय गणतन्त्रबाट देशले भने गहिरो चोट खपिरहेको छ, जनता निराश भई विदेशिएका छन् । पहिलो चोट त युवालाई देशले राख्नै सकेन, वैदेशिक रोजगारी भन्दै चालु वर्ष ८ लाख बढी यहाँबाट निस्कँदै छन् । गएको १० महिनामै झन्डै ७ लाख बाहिरिएको तथ्यांक छ । हरेक दिन औसत ढाई हजार बढी एयरपोर्टमा देश छोड्नका लागि रोजगारीका क्रममा बाहिर जाने ताँती देखिन्छ । नयाँ वर्ष वैशाख २०८२ मा मात्रै २५ हजार बढीले श्रम स्वीकृति लिएका बुझिएको छ । खाडी, कतार, कोरिया तिनको गन्तव्य हो र फर्कँदा धेरै बाकस बन्दी पनि हो ।

देशैभरि यति लामो समय उद्योग कलकारखाना खोलेर यहीँको श्रम, सीप, लगानी, बिजुली प्रयोग भई कल कारखाना खुलेको भए, उत्पादन वृद्धि भएको भए, भएका औद्योगिक स्थलहरूमा गणतन्त्रका झन्डाहरू नगाडिएका भए, बसेकाहरू सबैले दलको ओढ्ने नओढी राजनीति कर्मीहरूले मात्र राजनीति गरेर बाँकीले पेसागत धर्म निर्वाह गरेका भए देशमा यत्रो मन्दी, यति ठूलो व्यापार घाटा, यति ठूलो ऋण भार, यति ठूलो विकृति हुँदैनथ्यो ।

बालुवामा हालेको पानी जस्तो भएको छ, देशको पूर्वाधारको लगानी । शिक्षा, स्वास्थ्यसहित कृषि, उद्योगलगायतमा गरिएको लगानी सबै खेर गएको छ । बिचौलिया हाबी गराएर सबैतिर सेटिङ गराउने गणतन्त्र, कता-कता भार हुँदैछ । भुटानी शरणार्थी काण्ड, ललिता निवास, बाँसबारी जग्गा, बाल मन्दिर, धनगढीको जग्गा, गोकर्ण रिसोर्ट, झापाको गिरीबन्धु सेलाउन नपाउँदै एयरपोर्टको भिजिट भिसा अध्यागमन काण्ड, काभ्रेको पतञ्जलि जग्गा साटफेर कति सतहमा आएका छन् काण्डहरू । बेरूजु त भरमार देखिएको छ । संघ, प्रदेशहरू कानुन बनाएर नीतिगत भ्रष्टाचार गर्ने स्थानीय पालिकाले स्वकीय सचिव, सल्लाहकारहरूको त्यही प्रथा लागु गर्दा हेभी मात्रामा बेरूजु आउने गणतन्त्रका आदर्शहरू भएका छन् । एकै प्रकृतिमा कसैले उत्तिखेरै धरौटीमा छुट्ने अर्को व्यक्ति कारबास जानुपर्ने, विरोध गर्दा हतकडी लाग्ने आफूले गरेको काम सबै ठिक हुने, मानव अधिकार हुने अरूले त्यही काम गर्दा मानव अधिकार हनन हुने अचम्मको लोकतन्त्र र गणतन्त्र चलेको छ देशमा । रवि, बालेन, हर्क, हमाल र कूलमानहरूसँग कुरै नमिल्ने लोभ तन्त्र र संघीयताले देश कता पुग्ला त ?

राष्ट्रपतिको विज्ञ सल्लाहकार ७ जना, निजी सचिवालयका १९ जना कर्मचारी, नीति बनाएरै संघ, प्रदेश सचिवालयका कर्मचारी, स्वकीय सचिव र सल्लाहकार थरिथरिका प्रेस सल्लाहकार, कानुनी सल्लाहकार, प्रधानमन्त्रीका सल्लाहकार र स्वकीय सचिवालय, कार्यालय सहायकदेखि निवाससम्मको ताँती, झन्डै १ हजार सल्लाहकार मात्रै केन्द्र र प्रदेशका सांसदको करिब ४ सय बढी स्वकीय सचिव यस्ता हिसाब असामान्य छ । प्रधान मन्त्रीका विज्ञ सल्लाहकार करिब ४ दर्जनको संख्यामा छन् । स्वकीय सचिवालयका करिब उस्तै छन् । संघसँगै प्रदेशतर्फको समूहको अवस्था पनि उस्तै छ । मन्त्री त छाडौं सांसदको पनि सचिवालयको टिम अनौठो छ ।

स्थानीय तहले उही सिको गरेर थरिथरिका विज्ञ सल्लाहकारदेखि स्वकीय सचिव र अन्य धेरै कर्मचारी भर्ना गरेका र महालेखाले त्यसको बेरूजु भनेको छ । संविधानले चिन्दैन यस्ता सल्लाहकार, स्वकीय सचिवहरूलाई, करोडौं पारिश्रमिक भुक्तानी भएको छ । गैर कानुनी नियुक्ति छ, दलका आफ्ना मान्छे नै छन् यस्तो काममा । तल वडाध्यक्षदेखि उपराष्ट्रपतिसम्म कति हो, कति परामर्श दिने । यत्रो सल्लाह र परामर्श पाउँदा देश त निकै सम्पन्न भइसक्नु पर्ने तर, सानोतिनो काममा पनि अदालतमा मुद्दा नगएको कुनै विषय छैन । विकृतिको चाँगमा अडेस लाएर हाम्रो लोकतन्त्र उधारोमा चलेको छ । गणतन्त्र र संघीयताको रक्षार्थ ऋणको क्षेप्यास्त्र प्रयोग गरिएको छ ।




पछिल्लो १० महिनामा ३ खर्ब ९० अर्ब ८३ करोडको ऋण थपिएको छ । जुन चालु आर्थिक वर्षभरिमा ऋण साँढे ५ खर्ब पुग्ने सम्भावना छ । आउने वर्षलाई साँढे ३ खर्ब ऋणको योजना भइसकेको छ । अहिले वैशाखसम्म तिर्न बाँकी ऋण २७ खर्ब नजिक पुगेको छ, जुन कूल गार्हस्थ्य उत्पादनको ४७ प्रतिशत हाराहारी हो । तर, गणतन्त्रले ऋणको भार बढेको पत्तो पाएको छैन ।ऋण तिर्न ऋणै लिनु परेको छ, करको मारले जनता पिल्सिएका छन् । आयस्रोत छैन र बजार अति महँगो छ । खाद्यान्न अरू देशको कोटामा छ र निर्यात बढेको आयातित सोयाविन तेल भ्यालु एड गरी छिमेकीसँगको निर्यात शुल्क छुटले हो ।

आफ्नो उत्पादन गरिएर २ खर्बको निकासी भएको होइन र स्वदेशमा सवा सय वर्षमा ३ हजार विद्युत् त्यो पनि आधा त निजी क्षेत्रको उत्पादन छ । बिजुली पनि आयात नै छ । पेट्रोलियम पदार्थको त हेभी आयात नै हो, प्रदूषण बढेर जनस्वास्थ्यमा निकै ठूलो नोक्सानी भएको छ । पूर्वाधारहरू राम्रो नभएर सधैं परिवहन दुर्घटनामा छन् । पोखरा विमानस्थल बनेको भनियो, यात्रु खासै छैनन् । सगरमाथा संवाद गरेर हिमाल हेर्न

> *शब्दमा सुन्दर भए पनि गणतन्त्र व्यवहारमा निकै कुरूप बनाइएको छ । जनताका लागि सबैभन्दा अलोकप्रिय व्यवस्था बनाइएको छ । जबसम्म यसको मर्मअनुसार शासन स्थापित हुँदैन, तबसम्म जनताका असन्तुष्टि साम्य हुँदैन । तर, नेतृत्व त्यस दिशातर्फ उद्धत देखिन्न...*

विदेशीहरूलाई घुमाइरहँदा हुम्लामा बाढी आएर वातावरणको व्यङ्ग्य गरिरहेको थियो । अन्तर्राष्ट्रिय सिमानाको सुरक्षा र आफ्नै भनिएको भूभागमा जनगणना गर्न सकिएको छैन । चुच्चे नक्साको अवस्था, बालबालिकाहरूको कोर्स बुकमा आउन सकेको छैन । यावत् दुःखका श्रृखंलाहरू बोकेर गणतन्त्र जसोतसो हुर्केको छ, बजारमा यसका विरूद्ध धावा बोलिएको छ र धावा बोल्नेहरूलाई गणतन्त्रले ठेगान लगाइरहेको छ ।

पछिल्लो समय लोकतन्त्र, संघीयता र गणतन्त्रले नेपाली मन क्षतविक्षत पारेको छ, घाउ लगाएको छ ठूलै चोट पारेको छ । सामाजिक संरचना खलबलिएका छन्, यस्तो विषम परिवेशमा दिवस मनाइरहेका छन् । नेपालीहरूले तातो आँसु पिएर, श्वासप्रश्वासका लागि शुद्ध हावा दिने संविधानको मर्म पनि साकार भइरहेको छैन ।

## इतिहासमा आज

३० मे २००३ मा बर्मामा सरकारद्वारा प्रायोजित भीडद्वारा नेशनल लिग फर डेमोक्रेसीसँग सम्बन्धित कम्तिमा ७० जनाको हत्या गरिएको थियो । जुन घटनामा आङ सान सुकी घटनास्थलबाट भाग्न सफल भइन् तर, त्यसको केही समयपछि नै उनी पक्राउ परिन् ।



३० मे २०१३ मा नाइजेरियाले समलिङ्गी विवाहलाई प्रतिबन्ध लगाउने कानुन पारित गरेको थियो ।




३० मे २०१२ मा सियरा लियोन गृहयुद्धको समयमा गरिएको अत्याचारमा भूमिकाको लागि लाइबेरियाका पूर्व राष्ट्रपति चार्ल्स टेलरलाई ५० वर्षको जेल सजाय सुनाइएको थियो ।



३० मे २००८ मा क्लस्टर हतियार सम्बन्धी महासन्धि पारित गरिएको थियो । यो एक अन्तर्राष्ट्रिय सन्धि हो, जसले क्लस्टर हतियारको सबै प्रयोग, स्थानान्तरण, उत्पादन र भण्डारणलाई निषेध गर्दछ ।



# व्यवस्थामाथिको प्रश्न

**विचार**



● रूपा अर्याल

> *व्यवस्थामाथिको प्रश्न केवल विरोध होइन, यसमा परिवर्तनको सम्भावना समेटिएको हुन्छ । त्यसैले यसलाई निरूपण गराउनु भनेको केवल असन्तोष देखाउनु मात्र होइन, विकल्प पनि देखाउनु हो । जब नागरिकले 'कस्तो व्यवस्था आवश्यक छ ?' भन्ने प्रश्न उठाउँछन्, तब मात्रै प्रश्नले दिशा पाउँछ...*

व्यवस्थामाथिको प्रश्न कसरी निरूपण गराउन सकिन्छ भन्ने विषयलाई नेपाली समाजको वर्तमान सन्दर्भमा गहिरो गरी बुझ्न आवश्यक छ । 'व्यवस्था' भन्नाले केवल शासनको स्वरूप मात्रै होइन, त्यससँग गाँसिएका मूल्य, संरचना र कार्यशैली समेतलाई जनाउँछ । र, जब हामी व्यवस्थामाथि प्रश्न उठाउँछौं, त्यसले एउटा गहिरो चेतनाको संकेत गर्छ-जहाँ नागरिकहरूले आफूमाथि लादिएको प्रणालीप्रति सन्देह, असन्तोष वा आशंका प्रकट गरिरहेका हुन्छन् । यस्ता प्रश्नहरू यथार्थलाई बदल्ने शक्ति बोकेका हुन्छन्, तर तिनलाई निरूपण गराउनु भनेको सजिलो प्रक्रिया होइन ।

व्यवस्थामाथिको प्रश्नलाई निरूपण गराउन नागरिकलाई पहिलोपटक थाहा हुनु आवश्यक हुन्छ- प्रश्न के हो, किन उठेको हो र यसको सार के हो । प्रायः हामी प्रश्न उठाउँछौं, तर त्यो प्रश्न व्यवस्था बुझ्ने प्रयत्नबिना सतही रूपमा मात्रै उठ्छ । निरूपण गराउने पहिलो आधार भनेको जनतामाझ चेतना फैलाउनु हो- शिक्षा र सूचनाको माध्यमबाट । जब मानिसहरूलाई थाहा हुन्छ कि उनीहरूले भोगिरहेको अन्याय, विभेद वा अनदेखी केवल व्यक्तिगत समस्या होइन, संरचनागत कमजोरीको उपज हो, तब उनीहरू स्वतः प्रश्न गर्न थाल्छन् । र, यथार्थको बोधले नै प्रश्नको गहिराइ बढाउँछ ।

यद्यपि प्रश्न उठाउनु मात्र पर्याप्त हुँदैन । त्यसलाई निरूपण गराउनु भनेको त्यस्तो परिस्थितिको सिर्जना गर्नु हो, जहाँ प्रश्नले सुनुवाइ पाओस् । यसको लागि अभिव्यक्तिको स्वतन्त्रता अत्यन्त महत्वपूर्ण हुन्छ । प्रेस, सामाजिक सञ्जाल, साहित्य, कला र जनआन्दोलनजस्ता माध्यमहरूले व्यवस्थामाथिको प्रश्नलाई जनताको मुखर स्वर बनाउँछन् । कुनै पनि प्रश्न तब मात्र गम्भीर रूपमा लिइन्छ, जब त्यो संस्थागत तहमा प्रवेश गर्न थाल्छ । यसको लागि चाहिन्छ संगठित आवाज, तथ्यमा आधारित बहस र नीतिगत संवाद । व्यक्तिगत र असंगठित स्वरहरू प्रायः व्यवस्थाले बेवास्ता गर्छ; तर, जब ती स्वरहरू एक ठाउँमा उभिन्छन् र सार्वजनिक चिन्ताको रूपमा स्थापित हुन्छन्, तब त्यो प्रश्नलाई नकार्न गाह्रो हुन्छ ।

प्रश्न निरूपण गराउने अर्को उपाय हो– सिर्जनशील प्रतिरोध । समाज परिवर्तनका सबै ठूला आन्दोलनहरू सिर्जनात्मक अभिव्यक्तिका रूपमै अघि बढेका छन् । चाहे त्यो रंगमञ्चको माध्यम होस्, फिल्म होस्, वा गीत-संगीत– यी सबैले व्यवस्थाको कमजोरीलाई देखाउने, जनतालाई भावनात्मक रूपमा जोड्ने र परिवर्तनको आकांक्षा पैदा गराउने काम गर्छन् । जब व्यवस्था जनतामाथि कठोरता देखाउँछ, त्यो बेलामा यस्ता सृजनात्मक माध्यमले विद्रोहलाई सौन्दर्य दिन्छन् । यस्तो सौन्दर्यसँग शक्ति हुन्छ, जसले व्यवस्थालाई नै झस्क्याउन सक्छ ।

यसका साथै, प्रश्नको निरूपण विधायिका, कार्यपालिका र न्यायपालिकामा प्रतिध्वनित हुनु आवश्यक हुन्छ । जब संसदमा व्यवस्थाको कमजोरीमाथि प्रश्न उठ्छ, त्यसले नीतिगत बहस सिर्जना गर्छ । न्यायपालिकामा व्यवस्थाप्रतिको असन्तोषको मुद्दा दायर हुन्छ भने त्यसले प्रणालीभित्रै सुधारको सम्भावना खोल्छ । कार्यपालिकाले आफ्ना नीति सुधार गर्न थाल्छ भने त्यो व्यवस्थाको प्रतिक्रियाशीलता देखाउने सूचक बन्छ । यसकारण व्यवस्थामाथिको प्रश्नलाई निरूपण गराउने साँचो मार्ग भनेको त्यो प्रश्नलाई सम्पूर्ण संस्थागत तहमा प्रतिध्वनित गराउनु हो ।

यथास्थितिलाई कायम राख्ने प्रवृत्ति प्रायः शक्तिमा हुनेहरूसँग जोडिन्छ । उनीहरू प्रश्नबाट असहज महसुस गर्छन् । त्यसैले प्रश्न उठाउनेहरूलाई प्रायः षड्यन्त्रकारी, राष्ट्रद्रोही वा अराजकको संज्ञा दिइन्छ । यस्तो अवस्थामा प्रश्नलाई निरूपण गराउन नागरिकले धैर्य, विवेक र रणनीति अपनाउनु पर्छ । भावनात्मक प्रतिक्रिया होइन, तर्क, प्रमाण र स्पष्ट उद्देश्यले प्रश्न उठाउनु आवश्यक हुन्छ । अन्यथा, प्रश्नको शक्ति क्षीण हुन्छ र व्यवस्था फेरि बलियो हुन्छ ।

यस अर्थमा, व्यवस्थामाथिको प्रश्न केवल विरोध होइन, यसमा परिवर्तनको सम्भावना समेटिएको हुन्छ । त्यसैले यसलाई निरूपण गराउनु भनेको केवल असन्तोष देखाउनु मात्र होइन, विकल्प पनि देखाउनु हो । जब नागरिकले 'कस्तो व्यवस्था आवश्यक छ ?' भन्ने प्रश्न उठाउँछन्, तब मात्रै प्रश्नले दिशा पाउँछ । यस्तो प्रश्न समावेशी हुन्छ, बहसको ढोका खोल्दछ र लोकतन्त्रलाई अझ सुदृढ बनाउँछ ।

अन्ततः व्यवस्थामाथिको प्रश्न निरूपण गराउनु भनेको सामाजिक चेतनाको स्तर उठाउनु, नागरिकको सहभागिता बढाउनु र शक्तिको जवाफदेहितालाई सुनिश्चित गर्नु हो । यसको लागि निरन्तरता, निडरता र जिम्मेवारी चाहिन्छ । यस्तो कार्य तत्काल परिणाम दिन सक्दैन, तर यसले भविष्य निर्माण गर्छ- जहाँ व्यवस्था जनताको सेवामा, जवाफदेही र परिवर्तनशील हुन्छ । यही हो प्रश्नको शक्ति र यसको निरूपणको सार ।

## सामाजिक सञ्जाल



**प्रेमकान्त अधिकारी**

उत्ताउला कुरा गर्ने, ठगी धन्दा अपराधजन्य व्यवहार गर्ने, कुनै योगदान पहिचान दिन नसकेको अकूत सम्पत्ति मालिक बन्न अवैध कारोबार गर्न नहिच्किचाउनेलाई विश्वास गर्ने जमात अझै सशक्त रहेछ । तर्सिएको राजनीतिक वातावरण संस्कार आचरण चरित्रहीन नेतृत्वको बागडोरले गर्दा नै भएको हो ।



**डम्बर खतिवडा**

नेपालमा अझै केही कथित नेता, बौद्धिक र विचारक पुँजीवाद कि समाजवाद, उदार लोकतन्त्र कि सर्वहारा राज्यजस्ता बेतुकका बहसमा अल्झेको देख्दा झिजो लाग्छ । सुपर फास्ट कम्प्युटर र स्मार्ट फोनको युगमा टाइपिङ सेन्टर कसरी सफल बनाउने भनेजस्ता बहस भ्रमित जमातको आत्मरति र कुबुद्धि मात्रै हो ।



**यादव देवकोटा**

हामीले पक्षपोषण गरेको लोकतन्त्र ओली, दाहाल, देउवाजस्ता आउटडेटेडरूको नियन्त्रित लोकतन्त्र होइन । आफ्नै विरुद्ध मुर्दावाद भन्नेलाई पनि मुर्दावाद भन्ने जमिन उपलब्ध गराउने लोकतन्त्र हो । कसैले मुर्दावाद भन्दैमा ढल्छ भने यो लोकतन्त्रै होइन । विरोध गर्न चाहनेलाई अनुमति नदिने कस्तो लोकतन्त्र ?



**राजेश लुइँटेल**

वैदेशिक यात्रा गर्नेसँग नेपाल सरकारले जारी गरेको पासपोर्ट छ, भिसा छ, हवाई टिकट छ, डलर सटही छ र अन्य आवश्यक कागजात छन् भने विमानस्थलमा बसेर अध्यागमनका नाममा बखेडा खडा गर्ने किन ? कानुनी रित पुऱ्याएर वैदेशिक यात्रा गर्न पाउनु मानिसको अधिकार हैन र ? के वैदेशिक यात्रा अपराध हो र ?

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । - सं.

# कोलोराडोका २ स्थानमा नेपाली भाषा पाठशाला



**काठमाडौं/मस–** अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज कोलोराडो शाखाको संयोजनामा कोलोराडोका २ स्थानमा नेपाली भाषा पाठशाला सुरू भएको छ ।

२४ मे शनिबारदेखि सुरू भएको भाषा पाठशाला कक्षा हरेक शनिबार दिउँसो २ बजेदेखि ४ बजेसम्म संचालन हुनेछ। क्रसरोड कम्युनिटी सेन्टर नर्थग्लेनमा वेस्टमिनिस्टर स्कूल र स्मोकी हिल यूनाइटेड चर्चमा अरोरा स्कूल संचालन गरिएको अनेसास कोलोराडो शाखाका अध्यक्ष किरण अधिकारीले जानकारी दिए। हाल नर्थग्लेनको पाठशालामा ३७ जना र अरोरामा २७ भर्ना भएका छन् । गत वर्षहरुमा जस्तै यो वर्ष पनि गर्मी बिदामा आफ्ना बालबालिकाहरुलाई नेपाली भाषा पढ्न, लेख्न र बोल्न सिकाउनका लागि भाषा पाठशालामा भर्ना गर्न शाखाका अध्यक्ष अधिकारीले आग्रह गरेका छन् ।

अरोरा पाठशाला अनेसासका सचिव परिवेश शर्मा, राजु खनाल, राजेन्द्र सिग्देलको उपस्थितिमा रिवन काटेर पाठशालाको उद्घाटन गरिएको थियो । यस्तै नर्थग्लेनमा अनेसासका केन्द्रीय महासचिव राजु सिटौला, बिजयदेव अधिकारी, बिजयराज शर्माका साथै विगत ४ वर्षदेखि निरन्तर भोलेन्टियर गर्ने गुरुमाहरु घन पौडेल, रन्जु आचार्य, प्रतिभा शर्मा र शिक्षक हरिभक्त आचार्यको उपस्थिति थियो । दुवैतिरको कक्षा बालबालिकाबाट नेपाली र अमेरिकन राष्ट्रिय गीतबाट सुरू भएको थियो । कक्षा अर्को हप्तादेखि २-४ बजेसम्म नियमित संचालन गरिने शाखाका अध्यक्ष अधिकारीले जानकारी दिएका छन् ।

# ‘कविहरूले गणतन्त्रका लागि जनतालाई जागृत पारेको इतिहास छ’



**काठमाडौं/मस–** नेपाल प्रज्ञा प्रतिष्ठानले १८औं गणतन्त्र दिवसको अवसरमा ‘कविता उत्सव-२०८२’ आयोजना गरेको छ । दीप प्रज्वलन गर्दै संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्रीप्रसाद पाण्डेले कार्यक्रम उद्घाटन गरेका थिए ।

उद्घाटन मन्तव्यमा प्रमुख अतिथि मन्त्री पाण्डेले लोकतन्त्र र गणतन्त्र स्थापनामा कवि र साहित्यकारको भूमिका ऐतिहासिक रहेको बताउँदै कविताले जनतालाई जागरुक बनाउने काम गरेको बताए । उनले संवैधानिक वा सक्रिय किसिमको राजतन्त्र पुनःस्थापनाको सम्भावना अस्वीकार गर्दै यस्तो प्रयास गोलचक्रमा फस्ने काम भएको धारणा राखे । गणतन्त्रका केही कमजोरीहरू भए पनि त्यसलाई सुधार्दै अगाडि बढ्नुपर्नेमा उनले जोड दिए ।

‘गणतन्त्रमा केही भएन भन्ने मिथ्या धारणा तोड्न प्राज्ञिक तथा बौद्धिक वर्ग अग्रसर हुनुपर्छ,’ मन्त्री पाण्डेले भने, ‘कविता जनचेतना सिर्जना गर्ने प्रभावशाली माध्यम हो ।’ उनले संसदमा अभौतिक सांस्कृतिक सम्पदासम्बन्धी विधेयक प्रस्तुत भइसकेको जानकारी दिँदै संस्कृति, पर्यटन तथा हवाई ऐन निर्माणमा पनि आफू संलग्न रहेको बताए ।

कार्यक्रमका विशेष अतिथि भाषा आयोगका अध्यक्ष डा.गोपाल ठाकुरले मन्तव्यको सट्टा भोजपुरी गीत 'दिलसे सोच' प्रस्तुत गरे ।

सभाध्यक्ष तथा नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति भूपाल राईले गणतन्त्र विरोधी धारणा अहिलेको युग सापेक्षित नभएको बताउँदै गणतन्त्र भएकै कारण आज स्वतन्त्ररूपमा बोल्न पाइएको बताए । उनले प्रस्तुत कविताहरू गणतान्त्रिक चेतनाले भरिएको उल्लेख गरे ।

कार्यक्रममा प्राज्ञ परिषद् सदस्य तथा काव्य विभाग प्रमुख बाबा बस्नेतले वर्तमान कविहरू परिवर्तन र प्रगतिशील मूल्य आत्मसात गर्दै लेखिरहेकोले गणतन्त्रको विकल्प अरू कुनै व्यवस्था हुन नसक्ने धारणा व्यक्त गरे ।

त्यस्तै, सामाजिक शास्त्र विभाग प्रमुख डा.कौशिला रिसालले उद्घोषणका क्रममा विभिन्न जनआन्दोलन र जनयुद्धको जगबाट प्राप्त गणतन्त्रको संरक्षण र प्रवर्द्धनमा साहित्यकारको भूमिका महत्त्वपूर्ण रहेको बताइन् ।

‘कविता उत्सव-२०८२’ मा प्रज्ञा प्रतिष्ठानका पूर्व प्राज्ञ परिषद् सदस्य तथा प्रसिद्ध कवि श्रवण मुकारुङसहित १९ जना कविहरूले मातृभाषामा कविता वाचन गरेका थिए । नेपाली भाषामा प्रोल्लास सिन्धुलीय, केशव सिलवाल, शकुन्तला जोशी, मिश्रामाया गुरुङ, विना थिङ, केवल बिनावी, रिमा केसी, अनिल श्रेष्ठ र सुरज रानाले कविता वाचन गरे ।

मैथिलीमा रुपा झा, नेपाल भाषामा रजनिमिला महर्जन, खस भाषामा ओम रिजाल, थारु भाषामा भूमिका थारु, डोट्यालीमा कर्णदयाल सोराडी, तामाङमा मुक्तान थेबा, थुलुङ भाषामा महेन्द्र थुलुङ राई र लिम्बू भाषामा भीमा खजुमले गणतन्त्रको चेतनाले ओतप्रोत कविता सुनाए ।

# अमेरिकामा ‘नेपाल डे’ मनाइने

**काठमाडौं/मस–** अमेरिकाको न्यूजर्सीमा ‘नेपाल डे’ मनाइने भएको छ। अमेरिकाको न्यूजर्सीमा रहेका विभिन्न संघसंस्थाको आयोजनामा शनिबार नेपाल डे मनाइउन लागिएको हो। कार्यक्रमलाई सफल बनाउन नेपाल सरकारका पर्यटन प्रवर्द्धक गोकुल श्रेष्ठले वक्तव्य जारी गर्दै नेपाल डे मा सहभागी हुन डायस्पोराका सबू नेपालीलाई आह्वान गरेका छन् ।




वक्तव्यमा भनिएको छ, ‘हाम्रो पहिचान, कला, संस्कृति र सभ्यताको आफ्नै इतिहास र विरासत सगरमाथाजस्तै उँचो छ । यो गौरवशाली इतिहास र विरासतको संवर्द्धन नेपालमा मात्र नभई नेपालीहरू रहेका हरेक ठाउँबाट हुँदै आएको छ। जहाँ रहे पनि हामी नेपाली हौं । हामीलाई हाम्रो भाषा, संस्कृति, परम्परा र सभ्यता प्राण भन्दा पनि प्यारो छ।’

ग्रेटर जर्सी नेपाली समाज, न्यूजर्सी नेपाली समाज, गैर आवासीय नेपाली सङ्घ, अमेरिका न्यूजर्सी च्याप्टर, एआरसी फर नेपाल, कारणका लागि महिला, फ्रेण्ड्स अफ नेपाल र नेपाल सरकार पर्यटन प्रवर्द्धक, न्यूयोर्कको सहकार्यमा पहिलो पटक नेपाल डे हुन लागेको हो ।

कार्यक्रमले नेपालको मौलिक भेषभुषा, कला, संस्कृतिको प्रवर्द्धनसंगै नेपाल र अमेरिकाको सम्बन्धलाई जनस्तरमा पुर्‍याउन मद्दत गर्ने प्रवर्द्धक श्रेष्ठले दाबी गरेका छन् । कार्यक्रममा न्यूजर्सी र न्यूयोर्कका नेपाली एवं नेपाली मूलका अमेरिकीहरूको सहभागिता हुने आयोजकले जनाएको छ ।

# भृकुटीमण्डपमा अन्तर्राष्ट्रियस्तरको प्रदर्शनीस्थल बनाइने




**काठमाडौं/मस–** सरकारले काठमाडौंको भृकुटीमण्डपमा अन्तर्राष्ट्रियस्तरको प्रदर्शनीस्थल निर्माण गर्ने भएको छ। अर्थमन्त्री विष्णु पौडेलले आर्थिक वर्ष २०८२/८३ को बजेट भाषणमा भृकुटीमण्डपमा अन्तर्राष्ट्रियस्तरको प्रदर्शनीस्थल निर्माण गर्ने घोषणा गरे ।

भृकुटीमण्डपमा २ सय १४ रोपनी जग्गा छ । जसको एक छेउमा त्रिपालले छाएका लहरै देखिने अव्यवस्थित छाप्रा छन् । यसको उत्तरमा प्रदर्शनी मार्ग, पूर्वमा टुकुचा नदी, पश्चिममा भद्रकाली जाने बाटो र दक्षिणमा नेसनल ट्रेडिङ रहेको छ । भृकुटीमण्डप २०२२ सालमा औद्योगिक प्रदर्शनी स्थलका रूपमा स्थापना गरिएको हो । सरकारले २०३७ सालमा तत्कालीन सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद् (अहिले समाज कल्याण परिषद्) लाई भोगचलन र संरक्षणको हक हस्तान्तरण गरेको छ । अहिले पनि भृकुटीमण्डपको भोगचलन परिषद्ले नै गर्दै आएको छ ।

भृकुटीमण्डपभित्र फनपार्क ६० रोपनी, ल्यामापुच २५ रोपनी, प्रदर्शनी हल ३५ हजार स्वायर फिट, बगैंचा २३ रोपनी र खसी बजारले २१ आना ओगटेका छन् । ३० रोपनीको खुला बजारमा १ हजार ३ सय ५ कपडा, जुत्ता, भाँडावर्तन, कस्मेटिक तथा चिया खाजाका पसल छन्। नेपाल पर्यटन बोर्डलाई ९ रोपनी जग्गा ९९ वर्षका लागि लिजमा दिइएको छ ।

# तारकेश्वरमा बृहत् रक्तदान कार्यक्रम तथा स्वास्थ्य शिविर

**सुशान्त न्यौपाने/मध्यान्ह**
काठमाडौं, १५ जेठ



गणतन्त्र दिवसको अवसरमा तारकेश्वर ९ शुभकामना चोकस्थित शुभकामना स्कुलमा बृहत् रक्तदान कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा ५१ जनाले रक्तदान गरेका छन् । त्यस्तै २ ९५ जनाको आँखा परीक्षण गरेका छन् भने करिब ३ सय जनाले दाँत परीक्षण गरेका छन् ।

कार्यक्रममा ४२ जनाको सुगर परीक्षण गरिएको थियो भने २ सय जनाको ब्लड प्रेसर परीक्षण गरिएको विद्यालयका प्रिन्सिपल कुमार ढकालले जानकारी दिए ।

लायन्स इन्टरनेशनल डिष्ट्रिक ३२५ एल का २०२५/२६ का इलेक्टेट फस्ट भाइस ड्रिष्ट्रिक गभर्नर तारा भुषालको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको हो ।

प्रमुख अतिथि भुषालले रक्तदाताहरूलाई प्रमाणपत्र प्रदान गरेका थिए । लायन्स क्लब अफ काठमाडौं शुभ आरम्भ र शुभकामना स्कुलको संयुक्त प्रयासमा गरिएको कार्यक्रममा ६ सय भन्दा बढीले सहभागिता जनाएका थिए ।

कार्यक्रममा हिमाल ब्लड ट्रान्सफ्यूजन सेन्टरले रगत संकलन कार्य गरेको थियो । आँखा, दाँत र सुगर परीक्षणका लागि गोरखकाली क्लीनिकको सहयोगमा पिपल डेन्टल होमका डा. प्रकृति गिरी, डा.राजेश साह, सिडीएस जीतबहादुर तामाङले दन्त परीक्षण गरेका थिए । दिव्यज्योती आइ केयरका बि.अप्टम अनुजा ढकालले आँखा परीक्षण गरेका थिए ।

कार्यक्रममा स्थानीयबासी र विद्यालयका अभिभावकहरुको सक्रिय सहभागितामा कार्यक्रम सम्पन्न भएको लायन्स क्लव अफ काठमाडौं शुभ आरम्भका अध्यक्ष सुशान्त न्यौपानले बताए ।

न्यौपानलेले शुभकामना स्कुलको टिमले गरेको सक्रियताप्रति सँधै सम्मान गर्ने बताए। विगतमा पनि शुभकामना स्कुलले लायन्स क्लव अफ काठमाडौं शुभ आरम्भसँग जोडिएर सामुदायिक विद्यालयमा झोला वितरण कार्यक्रम सम्पन्न गरेको थियो ।

यस विद्यालयले हरेक वर्ष स्वास्थ्य परिक्षण तथा आँखा शिविर आफैं गर्दै आएपनि यस वर्ष लायन्स क्लव अफ काठमाडौं शुभ आरम्भसँगको सहकार्यमा सम्पन्न गरेको छ । कार्यक्रमको सम्पूर्ण व्यवस्थापन विद्यालय आफैंले गरेको छ ।

# गोसाइँकुण्ड मेलामा लेक लाग्ने यात्रीलाई विशेष व्यवस्था



**रसुवा/मस–**बुधबारदेखि सुरु भएको गोसाइँकुण्ड मेलामा आउने तीर्थ यात्रीका लागि आवश्यक उद्धारको व्यवस्था मिलाइएको छ ।

समुद्र सतहबाट ४३८० मिटर उचाइमा अवस्थित पवित्र तीर्थमा आउने यात्रीलाई बेत्रावतीबाट गोसाइँकुण्डसम्म विशेष सुरक्षा व्यवस्था मिलाउनुका साथै लेक लागेर बिरामी परेका यात्रीलाई उद्धारको समेत व्यवस्था गरिएको प्रमुख जिल्ला अधिकारी अर्जुन पौडेलले जानकारी दिए ।

तीर्थ जाँदा लेक लाग्ने समस्यामा परेका बिरामीका लागि नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीका सुरक्षा निकायले उद्धार गर्ने व्यवस्था मिलाइएको छ।

विगतको तुलनामा यस वर्ष भक्तजनको आगमन बढिरहेको जिल्ला ट्राफिक प्रहरी कार्यालयले जनाएको छ। तीर्थका लागि निस्केका १ हजारभन्दा बढी यात्री बुधबार साँझ चन्दनबारी पुगेका र ती यात्री बिहीबार बिहानैदेखि लौरी विनायक उकालो उक्लदै गरेका लाङ्टाङ राष्ट्रिय निकुञ्जले जनाएको छ । यात्रीका लागि काठमाडौंको बालाजुबाट धुञ्चेसम्म बस, हाइसलगायत यात्रीवाहक सानाठूला सवारीसाधन सञ्चालनमा आएकाले धार्मिक यात्रामा सवारी साधनको अभाव नहुने यातायता व्यवसायीले बताएका छन् ।

धुञ्चेबाट माथि लागेपछि खन्ति, देउराली, चन्दनबारी, चोलाङ्पाटी, लौरी विनायक र गोसाइँकुण्डमा क्षेत्रमा होटल तथा लज अनुगमन गरिसकेको जनाउँदै पौडेलले आगन्तुक तथा धार्मिक यात्रीलाई सुलभ रूपमा सेवा प्रदान गरिदिन व्यवसायीलाई अनुरोध गरिएको बताए ।

# महिनावारी स्वच्छता दिवसमा एक्स-पोज नेपालले गऱ्यो साइकल ऱ्याली



**काठमाडौं/मस–** महिनावारी सुरक्षित बनाउनका लागि प्रयासरत संस्था एक्स-पोज नेपालले एघारौं अन्तर्राष्ट्रिय महिनावारी स्वच्छता दिवसको उपलक्ष्यमा साइकल ऱ्याली आयोजना गरेको छ ।

महिला हिंसा तथा महिनावारी सम्बन्धी काम गरिरहेको गैरसरकारी संस्था एक्स-पोज नेपालले हरेक वर्षझैं यस वर्ष पनि अन्तर्राष्ट्रिय महिनावारी स्वच्छता दिवसको अवसरमा साइकल ऱ्याली गरेको हो । ललितपुरको मंगलबजारबाट सुरू भएको साइकल ऱ्याली काठमाडौंको बसन्तपुर पुगेर पुनः मंगलबजारमा नै आएर टुंगिएको थियो । ऱ्यालीमा चार सय महिला पुरूष साइकलयात्री सहभागी भएका थिए भने ९० प्रतिशत महिला सहभागी भएको आयोजक संस्था एक्स-पोज नेपालले जनाएको छ ।

साइकल ऱ्याली समापन कार्यक्रममा प्रमुख अतिथि राष्ट्रिय महिला आयोगका कार्यवाहक अध्यक्ष कृष्णा कुमारी पौडेल खतिवडाले महिनावारी प्राकृतिक नियम भएको र प्राकृतिक महिनावारीको मुद्दा पुरूष एक्स-पोज नेपालका अध्यक्ष ज्ञान महर्जनले उठाउनुभएकोले उहाँलाई महिनावारी सुरक्षित बनाउनका लागि राज्यले र स्थानीय सरकारले साथ दिनुपर्ने बताइन् ।

उनले महिनावारीको समयमा अछुत जस्तै ब्यबहार गरिने पनि महिलानै भएकोले यस्तो किसिमको ब्यबहारलाई सुधार्नुपर्ने बताइन् ।

ललितपुर महानगरपालिकाका उपमेयर मञ्जली शाक्यले महिलाहरू महिनावारीको कुरा ढुक्कले गर्नसक्ने हैसिएतमा पुगेकोनै गणतन्त्रका कारणले भएको बताइन् । उनले गणतन्त्र नआएको राष्ट्रहरूमा महिलहरू उत्पिडनमा पर्नुपरेको बताउँदै साइकल चढेर महिलाहरू परिवारबाट, समाजबाट ढुक्कसंग शहर घुम्नसक्ने बाताबरण भएको गणतन्त्रले भएको बताइन् ।

नेपालकै प्याडम्यान भनेर चिनिने एक्स-पोज नेपालका अध्यक्ष ज्ञान महर्जनले पहिलो वर्ष अर्थात आठवर्ष पहिले गरेको पहिलो साइकल ऱ्यालीमा जम्मा ७२ जना सहभागी भएकोमा एक जना महिला सहभागी भएको बताउँदै यस वर्ष चार सय सहभागीमा ९० प्रतिशत महिला ऱ्यालीमा सहभागी भएको बताए ।

यस वर्ष ‘समय-मैत्री संसारको लागि सँगै’ भन्ने नाराका साथ महिनावारी स्वच्छता दिवस मनाइएको छ । यस अभियानमा वाटरएड नेपाल, राष्ट्रिय महिनावारी सञ्जाल, वेल्ट हंगर हिल्फे, एसएनभी नेपाल, युके इन्टरनेशनल डेभलपमेन्ट, युवा नेपाल, आरएचआरएन, डिडब्लुडी लगायतका संस्थाहरूको सहयोग रहेको जनाइएको छ ।

# होटलमा आचारसंहितासम्बन्धी सूचना

**सर्लाही/मस–** सर्लाहीको लालबन्दी नगरपालिकामा रहेका होटलहरूमा प्रहरीले आचारसंहितासम्बन्धी सूचना राख्न सुरू गरेको छ ।

गणतन्त्र दिवसको अवसरमा इलाका प्रहरी कार्यालय लालबन्दीले नगरपालिका क्षेत्रमा सञ्चालित होटलहरूमा आचारसंहितासम्बन्धी सूचना राखेको हो ।

होटल व्यवसायीहरूको हकहित एवम् व्यवसायलाई थप व्यवस्थित र मर्यादित बनाउने उद्देश्यले होटल, लज तथा रेस्टुरेन्टहरूमा फ्लेक्समा सूचनाा राख्न सुरू गरिएको प्रहरी निरीक्षक विरेन्द्र जोहारीले बताए ।

होटल व्यवसायी, उद्योग वाणिज्य संघ, स्थानीय र सञ्चारकर्मीहरूको उपस्थितमा लालबन्दी नगरपालिका नगर प्रमुख वासुदेव अधिकारीबाट आचारसंहितासम्बन्धी सूचना राख्ने कामको शुभारम्भ गरिएको थियो ।

# चन्द्रपुर नगर अस्पताल विस्तार गरिँदै



**रौतहट/मस–**चन्द्रपुर नगरपालिकाले नगर अस्पताललाई विस्तार गरेको छ । हाल सञ्चालनमा रहेको चन्द्रनिगाहपुर अस्पताल साँघुरो भएका कारण अस्पताललाई विस्तार गरी नयाँ बनाउन लागिएको मेयर सञ्जय काफ्ले जानकारी दिए ।

अस्पताल अहिले १५ शैयाको छ । पालिकाको १४ कट्ठा जमिनमा विस्तार गरी थप १५ शैयाको बनाउन लागिएको हो। २ वर्षमा निर्माण सम्पन्न हुने गरी ४ करोड ९३ हजार १८ सय रुपैयाँमा अस्पताल बनाउन ठेक्का लागेको छ।

नगर अस्पताल निर्माणका लागि संघीय सरकारबाट ३ करोड, प्रदेश सरकारबाट १ करोड र अपुग रकम नगरपालिकाले व्यहोर्ने गरी रकम विनियोजन भएको छ। नगर अस्पतालको पहिलो चरणको काम सम्पन्न भएपछि पुनः अर्को तलाका लागि टेन्डर आह्वान गरिने मेयर काफ्ले बताए ।

## सच्याइएको

श्री जनशक्तिकरण सामुदायिक वन उपभोक्ता समूह, तीनपाटन गा.पा.-३, सिन्धुलीको मिति २०८२ जेठ ६ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित वन पैदवर बोलपत्रद्वारा लिलाम विक्रि सम्बन्धी सूचनामा साल गोलिया थान १२४ को १४२६.४४ क्यूफिट र दाउरा १.०० चट्टा हुनु पर्नेमा अन्यथा भएको हुँदा सच्याइएको छ ।

## सच्याइएको

श्री जलकन्यादेवी सामुदायिक वन उपभोक्ता समूह, कमलामाई न.पा.-७, सिन्धुलीको मिति २०८२ जेठ ६ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित वन पैदवर बोलपत्रद्वारा लिलाम विक्रि सम्बन्धी सूचनामा साल तथा अन्य गोलिया थान ३६५ को २४८४.८७ क्यूफिट र दाउरा २.५० चट्टा हुनु पर्नेमा अन्यथा भएको हुँदा सच्याइएको छ ।


## कालिका गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
बागमती प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(प्रकाशित मिति : २०८२/०२/१६)

यस कार्यालयबाट देहायको ठेक्काको लागि राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हानको सूचना प्रकाशन गरिएकोमा कार्यालयमा प्राप्त भएका बोलपत्रहरु मध्ये आर्थिक रुपले न्यूनतम कबोल गर्ने तपसिलको बोलपत्रदाताको बोलपत्र सारभूत रुपमा प्रभावग्राही भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) प्रयोजनार्थ बोलपत्र स्वीकृत सम्बन्धी आशयको सूचना सम्बन्धित सबै बोलत्रदाताहरुको जानकारीका लागि प्रकाशन गरिएको छ ।

तपशिल :

| क्र.स. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल गरिएको रकम (मु.अ. कर, पि.एस. र कन्टेजेन्सी बाहेक) |
|---|---|---|---|---|
| १ | KRM/NCB/WORKS/2081-082/06 | Detail Tourism Infrastructure Construction of Nilakantha Mandir, Kalika-05 | C.W Construction Pvt. Ltd Bidur-7, Nuwakot | रु. १,००,२५,५१६।०० |

कृष्ण बहादुर के.सी. कुँवर
प्रमुख प्रशासकीय अधिकृत

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१६ जेठ २०८२ शुक्रबार
30 May 2025, Friday

# चीनमा नेपाली कलाकारको प्रस्तुति



**काठमाडौं/मस-** चीनको गुइलिनमा आयोजित कार्यक्रममा राष्ट्रिय गतिशील कला समूह 'एनडिए'को विशेष प्रस्तुति रहेको छ। नेपाल-चीनबीच पर्यटन, कला तथा सांस्कृतिक प्रवर्द्धनका लागि आयोजना गरिएको कार्यक्रममा नेपालका तर्फबाट लोकप्रिय कोरियोग्राफर केशव कोइराला नेतृत्वको टोलीले प्रस्तुति दिएको थियो। कोरियोग्राफर कोइराला नेपाली मौलिक कला, संस्कृति र भेषभूषालाई विश्वव्यापी रुपमा पहिचान गराउने उद्देश्यले यस्ता खाले कार्यक्रमहरुमा सहभागी हुँदै आइरहेका छन्।

एसएमएस म्युजिक एन्ड इन्टरटेनमेन्टको आयोजना तथा चङ्दोंसीगुइलिन फुक्सी एस्ट्रेट म्यानेजमेन्ट र गुइलिन एलाइट एजुकेशन कन्सल्टिङको सहआयोजनामा सम्पन्न तेस्रो एसएमएस नेपाल-चीन सांस्कृतिक समिक्षण तथा पर्यटन प्रवर्द्धन सम्मान तथा पुरस्कार २०८२ मा नेपाल र चीनका कलाकारहरुले प्रस्तुति दिएका थिए।

कोरियोग्राफर केशव कोइरालासँगै लक्ष्मी पुरी गुरुङ, शर्मिला तामाङ, हिरा तामाङ, छिरिङ लामा र देवराज गुरुङले कार्यक्रममा विभिन्न नेपाली लोक नृत्य प्रस्तुत गरेका थिए।

त्यस अवसरमा नेपालको तर्फबाट देविका वन्धना, कमल खत्रीको पनि विशेष सांगीतिक प्रस्तुति रहेको थियो। चिनियाँ कलाकारहरुले पनि मौलिक नाच, गीत र कला प्रस्तुत गरेका थिए। एसएमएस म्युजिक एण्ड इन्टरटेनमेन्टका अध्यक्ष सत्यकला तामाङ लामाले कार्यक्रम नेपाल र चीनबीचको मित्रता, संस्कृति, कला र पर्यटन प्रवर्द्धनको सेतु भएको र नेपाल चीनका स्थानीय तहबीचको सहभागिता सहकार्य र सांस्कृतिक आदानप्रदानलाई अझ मजबुद बनाउने हाम्रो यो प्रयास सामाजिक परिवर्तनतर्फको एक सकारात्मक पाइलो भएको बताइन्।

गुइलिन संयुक्त मोर्चा कार्य विभागका मन्त्री ब्लाङ सिएन फिङको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा सोलुखुम्बुको थुलुङ दुधकोशी गाउँपालिकाका अध्यक्ष असिम राई, गुइलिन सांस्कृतिक स्वयंसेवक संघका अध्यक्ष छिन लिनबिन, गुइलिनको संयुक्त मोर्चा कार्य विभागकी उपनिर्देशक झाङ गाओलियन, गुइलिन सिटी ग्लोरी कज प्रमोशन एसोसिएसनका उपाध्यक्ष याङ युनवु, गुइलिन फुक्सी एसेट म्यानेजमेन्टका अध्यक्ष चेन होङसियान र लिजियाङ उद्धार केन्द्रका कप्तान मो गुआङफुलगायतको सहभागीता थियो। कार्यक्रममा गायिका देविका वन्दनालाई एभरग्रीन सिंगर अवार्ड र गायक कमल खत्रीलाई उत्कृष्ट गायकको अवार्ड प्रदान गरिएको थियो। एसएमएस म्युजिक एण्ड इन्टरटेनमेन्टका प्रवन्ध निर्देशक थुप्तेन ग्याल्बो मोक्तानले यसप्रकारका कार्यक्रमले नेपाल र चीन बीचको सांस्कृतिक सम्बन्ध, मित्रता र पर्यटन प्रवर्द्धनका लागि समर्पित रहेको बताए।

## सुनुवारको 'मन चोर्नेलाई'




**काठमाडौं/मस-** लोकप्रिय गायक तथा संगीतकार पुष्कर सुनुवारको स्वरमा 'मन चोर्नेलाई' बोलको रोमान्टिक गीतको भिडियो सार्वजनिक भएको छ। शीतल कादिम्बिनीको शब्द, सुरेश अधिकारीको संगीत, गायक सुनुवारकै संगीत संयोजन रहेको गीतको मिक्सिङ र मास्टरिङ विप्लव अधिकारीले गरेका हुन्। मोहन सुनुवार 'नबिन' को छायांकन र सम्पादन रहेको भिडियो गायक सुनुवारको आफ्नै अफिसियल युट्युब च्यानबाट सार्वजनिक गरिएको छ।


### बलान-बिहुल गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
सप्तरी, मधेश प्रदेश, नेपाल

**'लू'बाट बच्न सतर्कता अपनाउन बलान-बिहुल गाउँपालिकाको अनुरोध**

**'लू'का लक्षणहरू**

- बारम्बार प्यास लागिरहनु।
- अनुहार रातो हुनु, टाउको दुख्नु, दिगमिग हुनु र बान्ता हुनु।
- अत्याधिक तापक्रमका कारण बेहोस हुनु।
- नाडीको गति धेरै बढ्नुका कारण बिरामीको शरीरको तापक्रम १०१ देखि १०४ सम्म हुनु।
- बिरामीमा छटपटी र उदासीनताको भाव देखिनु।

**'लू'बाट बच्ने उपाय**

- काँक्रोको सेवन गर्नुपर्छ। गर्मी मौसममा काँक्रो खानाले शरीरले शीतलता प्राप्त गर्दछ। जसबाट एकाएक 'लू'को असर पनि हुँदैन।
- बेल, आँप, कागतीको सर्बतको सेवन गर्नुपर्छ। गर्मीमा बेल, आँप तथा कागतीको सर्बतले हाम्रो शरीरमा पानीको स्तरलाई कायम गरिराख्छ। जसले निकै हदसम्म लूबाट बचाउन पनि सहयोग पुऱ्याउँछ।
- गर्मीको मौसममा कहिलेकाहीँ टाउको, खुट्टा तथा हातहरूमा मेहन्दी लगाउनाले पनि लूको असर कम हुन्छ।
- घाममा खाली पेट निस्कनुहुँदैन, कागतीको सर्बत भए पनि खाएर निस्कनुपर्छ।

**'लू' लागेमा के गर्ने ?**

- लूको प्रथम उपचार भनेको शरीरको तापक्रम कम गर्नु हो। 'लू'बाट पीडित व्यक्तिलाई शीतल, स्वच्छ हावा र वातावरण चिसो भएको राम्रो ठाउँमा सुताउनुपर्छ।
- यदि तपाईंलाई 'लू' लाग्यो भने नजिकको चिकित्सकबाट तुरुन्त प्राथमिक उपचार गराउनुपर्छ, जसका कारण समयमा नै सबै कुराको नियन्त्रण हुन्छ।
- 'लू' लागेको बिरामीले आफ्नो जीवन रक्षाका लागि घोल (नुन, चिनी, कागती र पानी) समय-समयमा पिइरहनुपर्छ।
- 'लू' लागेपछि स्पन्जलाई पानीमा भिजाएर बिरामीको निधार, हात, खुट्टामा दल्नुपर्छ। यसका साथै निधारमा बरफको पट्टी राख्नुपर्छ।
- 'लू' लागेमा पाकेको तित्री (इमली) को गुदीलाई हत्केला र खुट्टाको पैतालामा लगाउनाले 'लू'को असर कम हुन्छ। इमली पानी पिउनाले 'लू'बाट तुरुन्तै राहत प्राप्त हुन्छ।
- दही र मौसमी फलफुल जस्तै सुन्तला, अंगुर, खरबुजा र मौसमको रस लू ग्रस्त बिरामीलाई पिउन दिनुपर्छ।
- पुदिनाको सर्बत पिउनाले पनि लूबाट राहत प्राप्त हुन्छ। लूका बिरामीलाई तरल पदार्थ नै पिउन दिनुपर्छ।
- लू लागेमा प्याजलाई पकाएर त्यसमा जिरा, चिनी र गाईको घिउ मिसाएर बिरामीलाई खानदिनु पर्छ। यसो गर्दा बिरामीलाई धेरै आराम प्राप्त हुन्छ।



### कोशी प्रदेश इलाम जिल्लाको देउमाई नगरपालिकाको क्षेत्राधिकार भित्र बग्ने देउमाई खोला, पुवा खोला र माई खोलाको विभिन्न बगर क्षेत्रबाट दिगो रुपमा ढुङ्गा, गिट्टी र बालुवा उत्खनन् तथा सङ्कलन कार्यको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धित सार्वजनिक सुनुवाइ कार्यक्रमको सूचना

**(प्रकाशित मिति : २०८२/०२/१६)**

कोशी प्रदेश, इलाम जिल्ला, देउमाई नगरपालिकाद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | देउमाई नगरपालिका, नगर कार्यपालिकाको कार्यालय<br>ठेगाना : मंगलबारे, इलाम, कोशी प्रदेश, नेपाल<br>फोन नं. : ०२७-४०००0१<br>इमेल : deumai.nagarpalika@gmail.com |
| **प्रस्तावको व्यहोरा** | देउमाई नगरपालिकाको क्षेत्राधिकार भित्र बग्ने देउमाई खोला, पुवा खोला र माई खोलाको विभिन्न बगर क्षेत्रबाट दिगो रुपमा ढुङ्गा, गिट्टी र बालुवा उत्खनन् तथा सङ्कलन |
| **प्रभाव पर्न सक्ने क्षेत्र** | देउमाई नगरपालिका, वडा नं. २, ५, ६, ७ र ९ |
| **परामर्शदाताको नाम र ठेगाना** | बि.एम.एस नेपाल प्रा. लि.<br>ठेगाना : कोटेश्वर, काठमाण्डौं<br>इमेल : bmsnepal2021gmail.com<br>फोन : ९८५११००६३२ |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको भौतिक तथा रसायनिक प्रणाली, जैविक प्रणाली, सामाजिक-आर्थिक प्रणाली र साँस्कृतिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको नगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, स्वास्थ्य चौकी, सरोकारवाला व्यक्ति तथा स्थानीय तहका प्रतिनिधीहरु समेतलाई सहभागी गराई सार्वजनिक सुनुवाइ कार्यक्रम गर्नुपर्ने भएकाले यस प्रस्तावसँग सरोकार राख्ने सम्पूर्ण सरोकारवालाहरुलाई निम्न मिति र समयमा उपस्थित हुन अनुरोध गर्दै यो सूचना प्रकाशन गरिएको छ।

**कार्यक्रम आयोजना गरिने स्थल र समय**
स्थान : देउमाई नगरपालिका, नगर कार्यपालिकाको कार्यालय भवन
मिति : २०८२/०२/२३
समय : बिहानको ११ बजे, शुक्रबार
सम्पर्क व्यक्ति : विजय बस्नेत
सम्पर्क नं.: ९८४२१०११९३



**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६८/१०/१५ मा दर्ता भएको **प्रा. लि. नं. ९०१५५** को **गोल्डेन गेट एकेडेमी हेमजा प्रा.लि.** को मिति २०८२/०१/०५ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटरः शेर बहादुर रोकाया,**
**इजाजतपत्र नं. २८७, फोन नं. ९८५११६३७२३**



**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६९/०९/१९ मा दर्ता भएको **प्रा. लि. नं. १०८५५८** को **गामबेशी कन्स्ट्रक्सन प्रा.लि.** को मिति २०८२/०१/०५ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटरः शेर बहादुर रोकाया,**
**इजाजतपत्र नं. २८७, फोन नं. ९८५११६३७२३**



**भुलसुधार गरिएको सूचना**

**प्रकाशित मिति : २०८२/०२/१६**

यस श्री परिवन सा.व.उ.स. को मिति २०८२/०२/१५ गतेको मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित काठ लिलाम बिक्री सम्बन्धी सूचनामा २१ (एक्काइस) दिनभित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान हुनुपर्नेमा अन्यथा हुन गएकोले भुलसुधार गरिएको छ।

**श्री परिवन सा.व.उ.स.,**
**अमरगढी न.पा.-३, डडेल्धुरा**



### भगवानपुर गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
भगवानपुर, सिराहा
मधेश प्रदेश, नेपाल

**संसोधन सम्बन्धी सूचना**

**प्रकाशित मिति : २०८२/०२/१६**

यस कार्यालयबाट मिति २०८२/०२/१५ गते प्रकाशित आर्थिक प्रस्ताव स्वीकृत सम्बन्धी ठेक्का नं. BRM/NCB/WORK/01/2081/082 **तथा** Construction of Pond Beautification at Bhagwanpur Rural Municipality a) La Na Kau Ja Ma Vi Pond Ward No. 2 b) Ba Su Ma Vi Pond Ward No. 1 योजनाको प्रस्ताव स्वीकृतका लागि छनौट भएका बोलपत्रदाता निम्नानुसार हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको व्यहोरा अनुरोध छ।

**तपशिल**

**ठेक्का नं.-** BRM/NCB/WORK/01/2081/082
**योजनाको नाम:-** Cunstruction of Pond Beautification at Bhagwanpur Rural Municipality
a) La Na Kau Ja Ma Vi Pond Ward No. 2
b) Ba Su Ma Vi Pond Ward No. 1

| प्रस्ताव स्वीकृतका लागि छनोट भएका बोलपत्रदाता | |
|---|---|
| १ | KNS-CBPL-AAROGYA JV, Mahalaxmi Municipality-3, Lalitpur |

प्रमुख प्रशासकीय अधिकृत



### सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
### धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना

**प्रकाशित मिति: २०८२/०२/१६**

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय औरही,महोत्तरीबाट तपसिलमा उल्लेखित तपाई ऋणीले आवधिक कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ, ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवम् मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले मिति वि.सं. २०८२/०१/१२ गते आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ, ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय, औरही महोत्तरीमा दिउँसो ४:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ। सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ। सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली, २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराईएको छ।

**तपसिल**

**कर्जा शिर्षक : सिटिजन्स आवधिक कर्जा**

**ऋणीहरुको नाम र ठेगाना**

| | | | |
|---|---|---|---|
| १. **नाम** | : **भगवती देवी** | २. **नाम** | : **मनोज यादव** |
| ससुरा | : शिवध्यान यादव | बाबु | : राम प्रताप यादव |
| पती | : राम प्रताप यादव | बाजे | : शिवध्यान यादव |
| ठेगाना | : औरही-४, महोत्तरी | ठेगाना | : औरही -४, महोत्तरी |
| हाल | : औरही न.पा. वडा नं. १, महोत्तरी | हाल | : औरही न.पा. वडा नं. १, महोत्तरी |
| ना.प्र.नं | : ०३३५३१९५ | ना.प्र.नं | : १८३०६४/३९२ |
| जारी मिति | : २०५६/०९/३० | जारी मिति | : २०६३/१०/२३ |
| जि.प्र.का. | : महोत्तरी | जि.प्र.का. | : महोत्तरी |

**जमानीकर्ताहरुको नाम र ठेगाना**

| | | | |
|---|---|---|---|
| १. **नाम** | : **राम प्रताप यादव** | २. **नाम** | : **रिना कुमारी** |
| बाबु | : शिवध्यान यादव | ससुरा | : राम प्रताप यादव |
| बाजे | : नन्दु अधिकारी | पती | : मनोज यादव |
| ठेगाना | : औरही-४, महोत्तरी | ठेगाना | : औरही-४, महोत्तरी |
| हाल | : औरही न.पा. वडा नं. १, महोत्तरी | हाल | : औरही न.पा. वडा नं. १, महोत्तरी |
| ना.प्र.नं. | : ०३३५३०५१ | ना.प्र.नं. | : १८३०३१ /२०५ |
| जारी मिति | : २०५५/०८/१४ | जारी मिति | : २०६३/११/३० |
| जि.प्र.का. | : महोत्तरी | जि.प्र.का. | : महोत्तरी |

**माथि उल्लेखित सम्पूर्ण ऋण कर्जाको लागि धितो राखिएको सम्पत्तिको विवरण**
**धितो सुरक्षण धनीको नामः- भगवती देवी**

| जिल्ला | न.पा./गा.वि.स. | वडा नं/नक्सा सिट | कि.नं. | क्षेत्रफल (वि.क.धु.) | कैफियत |
|---|---|---|---|---|---|
| महोत्तरी | औरही | १ | ३१७ | ०-१-६ | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत। |
| | | | ३१८ | ०-१-६ | |
| | | | ३१९ | ०-१-६ | |
| | | | ३२० | ०-१-६ | |
| | | | ३२१ | ०-१-६ | |
| | | | ३५४ | ०-४-० | |
| | | ४ | २६८ | ०-१-१० | |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादभित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन।

**लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :**

१. गोप्य शिलबन्दी बोलपत्रदाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नु पर्नेछ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई चल/अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तान माग गरेको मितिले ७ दिनभित्रमा सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ।
४. लिलाम बिक्री भएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुनः लिलामी खोल्ने कार्य हुनेछ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ७ अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ।
८. उक्त लिलाममा राखेको चल/अचल सम्पत्ति नामसारी/दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ।
९. लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को प्रधान कार्यालयमा नारायणहिटी पथ वा शाखा कार्यालय औरही, महोत्तरीमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ।

**लिलाम खोलिने मिति :- २०८२/०३/०१ गते, आइतबार।**
**समय :- दिउँसो ४:०० बजे**
**स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय औरही, महोत्तरी।**

Citizens Bank
**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८
THE BANKER BANK OF THE YEAR 2024 NEPAL



**साइप्रसमा रोजगार**
कम्पनीः D.I. MAIN-LINE JOB AGENCY   शहरः CYPRUS,LIMASSOL
पूर्व स्वीकृत मितिः २०८०/०८/०५   चलानी नं.: ६०२१०३१२   LT. No.:295223   पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 3 | 0 | स. काममा दक्ष | 900 | १३८,८८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ २३ गते (6 June 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. ३५,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

License No.: 1406/074/075
**KALINCHOK H. R. PVT. LTD.**
G.P.O. Box: 12447, Tokha-10, Samakhusi, Kathmandu, Nepal
Tel: 014980649, 9801081748, 9801179844, 9851093878, 9851136852, Email: info@kalinchokhr.com.np



**यूएईमा रोजगार**
कम्पनीः MOHAMMED ABDULMOHSIN AL-KHARAFI & SONS L.L.C   शहरः UAE
पूर्व स्वीकृत मितिः २०८१/१०/०४   चलानी नं.: ६०२३१४७८   LT. No.:317229   पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour (building Projects) | 127 | 0 | स. काममा दक्ष | 900 | ३३,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ २३ गते (6 June 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**Confident International Manpower Pvt. Ltd.**   Govt. Lic. No. 1423/074/075
Sinamangal- 09, Kathmandu | Tel: 01- 5918957,5918958, E-mail: doc.confident@gmail.com, Web.: confidentmanpower.com

# खेलकुदमा अहिलेसम्मकै बढी बजेट

■ खेलकुद मन्त्रालयका लागि ६ अर्ब ८ करोड रुपैयाँ विनियोजन ■ १०औं राष्ट्रिय खेलकुदका लागि ५४ करोड रुपैयाँ विनियोजन ■ सोलुखुम्बु, मुस्ताङ र जुम्लामा हाई अल्टिच्यूड स्पोर्ट्स स्टेडियम बनाइने

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ जेठ




सरकारले खेलकुद क्षेत्रका लागि अहिलेसम्मकै बढी बजेट विनियोजन गरेको छ । उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले बिहीबार संघीय संसद्को संयुक्त बैठकमा प्रस्तुत गरेको आर्थिक वर्ष २०८२/८३ को बजेटमा खेलकुद मन्त्रालयका लागि ६ अर्ब ८ करोड रुपैयाँ रकम विनियोजन गरेको छ । आर्थिक वर्ष २०८१/८२ मा ३ अर्ब ५० करोड बजेट विनियोजन गरिएको थियो । यसपटक दुई अर्ब ५६ करोड रुपैयाँ वृद्धि गरिएको हो ।

सरकारले कर्णाली प्रदेशमा आयोजना गरिने १०औं राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालनका लागि ५४ करोड रुपैयाँ विनियोजन गरेको छ। काठमाडौंको मुलपानी क्रिकेट रंगशाला, मोरङको गिरिजाप्रसाद कोइराला रंगशाला, कैलालीको फाप्ला क्रिकेट रंगशाला र रुपन्देहीको सिद्धार्थ रंगशाला निर्माणका लागि ४२ करोड रुपैयाँ रकम विनियोजन गरिएको छ। यस्तै कीर्तिपुरस्थित त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट रंगशालाको स्तरोन्नतिका लागि सरकारले ४० करोड रुपैयाँ रकम विनियोजन गरेको छ। झापाको दमकमा सबै प्रकारका खेल प्रतियोगिता सञ्चालन गर्न सकिने आधुनिकस्तरको अन्तर्राष्ट्रियस्तरको रंगशाला निर्माण गर्ने बजेटमा उल्लेख गरिएको छ ।

